का.जि.प्र.का.द.नं. १००/०५९/६०

**५ मंसिर २०७९,**
**सोमबार**
**21 November 2022,**
**Monday**

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## आमनिर्वाचनः २०७९

# मत कम चासो धेरै

■ शान्तिपूर्ण निर्वाचन ■ ६१ प्रतिशत मतदान ■ १५ स्थानमा स्थगित

हामीले अपेक्षा गरेभन्दा केही थोरै मत खसेको छ । तर, समग्ररुपमा केही सामान्य घटना बाहेक शान्तिपूर्ण रुपमा मतदान भएको छ ।

**दिनेशकुमार थपलिया**
प्रमुख निर्वाचन आयुक्त

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

निर्वाचन आयोगको प्रारम्भिक विवरण अनुसार आइतबार भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६१ प्रतिशत मतदान भएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार सामान्य घटना बाहेक शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको छ ।' तर, मत अनुमान गरे भन्दा कम खसेको छ ।

२०७४ सालको प्रतिनिधिसभातर्फको ६७.६३ प्रतिशत मत खसेको थियो । छ महिनाअघि भएको स्थानीय तह निर्वाचनमा ६६.८६ प्रतिशत मतदाताले मतदान गरेका थिए । त्यसबेला देशभरबाट १ करोड १८ लाख ५६ हजार मत खसेको थियो । स्थानीय तह निर्वाचनमा प्रदेश १ मा ६५.३५ प्रतिशत, मधेसमा ६७.६९ प्रतिशत, बाग्मतीमा ६४.१६ प्रतिशत, गण्डकीबाट ६८.२८ प्रतिशत, लुम्बिनीमा ६६.७९ प्रतिशत, कर्णालीमा ७० प्रतिशत र सुदूरपश्चिममा ६५.८० प्रतिशत मतदान भएको थियो ।

निर्वाचन आयोगले भने ०७४ को भन्दा बढी मत खस्ने अनुमान गरेको थियो । तर, आयोगले अनुमान गरेको भन्दा थोरै मात्र मतदान भएको प्रमुख आयुक्त थपलिया बताउँछन् । तथापि, सबै विवरण प्रविष्ट हुँदा केही प्रतिशत थप हुन सक्ने उनलाई लाग्छ । प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, ' हामीले अपेक्षा गरेभन्दा केही थोरै मत खसेको छ । समग्र रुपमा केही सामान्य घटना बाहेक शान्तिपूर्ण रुपमा मतदान भएको छ ।'



## 'बाजुरामा ठूलो दुर्घटना टऱ्यो'

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, ४ मंसिर ।

गृह मन्त्रालयले सुरक्षाकर्मीको संयमताले बाजुरामा ठूलो दुर्घटना हुन नपाएको बताएको छ । गृह सचिव विनोदप्रकाश सिंहले बाजुराको त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयको मतदान केन्द्रमा मतपेटिका खोस्न थालेपछिको उत्पन्न परिस्थिति नियन्त्रणमा लिने क्रममा संयमता अपनाउँदा अपनाउँदै एक जनाको मृत्यु भएको र प्रहरीसहित केही व्यक्ति घाइते भएको जानकारी दिए ।



मृत्यु हुनेमा स्थानीय २८ वर्षीय सञ्जीव ऐडी छन् । आठ प्रहरी र आठ जना निर्वाचन कर्मचारीलाई घेराउ गरेर ढुङ्गामुढा गरी

– बाँकी पृष्ठ २ मा

## १५ स्थानमा मतदान स्थगित

१५ स्थानमा मतदान स्थगित भएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले गुल्मी, सुर्खेत, नवलपरासी, बाजुराका १५ स्थानमा मतदान स्थगित गरिएको जानकारी दिए ।

'मतदानलाई शान्तिपूर्ण र सहज रुपमा सञ्चालन गर्ने वातावरण निर्माण गर्न खोजे पनि सुर्खेत, नवलपरासी, गुल्मी, बाजुरा जिल्लाका १५ स्थानमा मतदान स्थगन हुन पुगेको छ' थपलियाले भने । आयोगले स्थगित भएको स्थानमा २ दिनभित्र मतदान

– बाँकी पृष्ठ २ मा

### मतगणना जारी

देशका बिभिन्न ठाउँमा मतगणना जारी छ । काठमाडौंमा सबै मतदानस्थलबाट मतपेटिका संकलन भएको छ । काठमाडौंको १ र ४ निर्वाचन क्षेत्रमा मतगणना जारी छ ।

काठमाडौं-१ को मतगणना संघीय संसद भवन रहेको अन्तराष्ट्रिय सम्मेलन केन्द्रमा छ भने काठमाडौं-४ को गणना

– बाँकी पृष्ठ २ मा

## राष्ट्रिय राजनीतिमा 'घण्टी'को उदय

गत स्थानीय तहको चुनावपछि दलका रुपमा अगाडि बढेको राष्ट्रिय स्वतन्त्र पार्टी राष्ट्रिय राजनीतिमा एउटा शक्तिको रुपमा उदय हुने धेरैको आंकलन छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

आइतबारको चुनावबाट राष्ट्रिय राजनीतिमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको छ । 'घण्टी' चुनाव चिह्न लिएर चुनावमा होमिएको यो पार्टीले पुराना पार्टीहरुलाई धक्का दिएको अनुमान छ । गत स्थानीय तहको चुनावपछि दलका रुपमा अगाडि बढेको राष्ट्रिय स्वतन्त्र पार्टी राष्ट्रिय राजनीतिमा एउटा शक्तिको रुपमा उदय भएको धेरैको आंकलन छ । बिभिन्न अनइलाइन साइटहरुले गरेको मतदानपछिको मत सर्वेक्षणमा चितवन-२ बाट प्रतिनिधिसभा सदस्यमा रवि लामिछानेको जित हुने देखाइएको छ । साथसाथै, समानुपातिकमा पनि राष्ट्रिय स्वतन्त्र पार्टी अगाडि रहेको देखाइएको छ ।



हामीले किला गाडिसक्यौं । कहाँ छोड्छु म अब गर्ने हो, पालो हाम्रै हो । मैले जित्ने भनेको आम मतदाताहरुले जित्ने हो । चुनाव जितेपछि चुनाव अगाडि मत माग्न आए जसरी नै घरघरमा आउनेछु ।

**रवि लामिछाने**
*सभापति*
*राष्ट्रिय स्वतन्त्र पार्टी*

नयाँ पार्टीकाले केही गर्छन् कि भन्ने आश राखेर मतदान गर्नेहरु देशभर देखा परेका छन् । प्रत्यक्षतर्फ ललितपुर ३ मा पनि तोसिमा कार्की, काठमाडौं- ६ मा शिशिर खनाल, काठमाडौं- २ मा सोबिता गौतम र चितवन-१ मा हरि ढकाल पनि बलियो प्रतिस्पर्धामा रहेको बिभिन्न मत सर्वेक्षणले देखाएको छ ।

उसैगरी समानुपातिकतर्फ पनि मत पाउँदा राष्ट्रिय स्वतन्त्र पार्टी राष्ट्रिय दलको रुपमा उदय हुने धेरैको आंकलन छ ।

राष्ट्रिय दलको मान्यता पाउन समानुपातिकतर्फ तीन प्रतिशत मत पाएर प्रत्यक्षतर्फ कम्तीमा एक सिट जित्नु आवश्यक छ । राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५२ मा राष्ट्रिय दलको

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## 'ईलिगल' बसेका १११ नेपाली कामदार मलेसियाबाट फिर्ता

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, ४ मंसिर

मलेसियामा अवैधानिकरुपमा रहेका १ सय ११ जना नेपाली कामदारहरु स्वदेश फर्काइएको छ । वैदेशिक रोजगारीको क्रममा मलेसियामा गई रोजगारदाता कम्पनी छाडेर अवैधानिक अवस्थामा पक्राउ परेका उनीहरूलाई अदालतले तोकेको सजाय भोगी घरफिर्ती केन्द्रमा बसेपछि स्वदेश फर्काइएको हो ।

स्वदेश फर्काइएकाहरु साउनदेखि कात्तिक मसान्तसम्म पक्राउ परी मलेसियाका विभिन्न घरफिर्ती केन्द्रमा रहेका व्यक्तिहरु भएको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ । उनीहरूलाई स्वदेश फर्काउन दूतावासले सहयोग तथा समन्वय गरेको थियो । सोही अवधिमा मलेसियामा अवैधानिक भई बिरामी परी अलपत्र भएका ५२ जना नेपालीलाई पनि स्वदेश फर्काइएको दूतावासले जनाएको छ ।

मलेसियामा भिसा अवधि सकिएपछि ओभरस्टे भई बसेका नेपालीहरुलाई दूतावासले निःशुल्क अध्यागमनसम्बन्धी कागज 'ट्राभल डकुमेन्ट' बनाइदिने गरेको छ । त्यसरी ओभरस्टे भएका तथा जेल परेकाहरूलाई दूतावासको सहयोगमा नै विमानस्थलमा पुऱ्याइएको जहाज चढाउने गरिएको छ ।

उनीहरूलाई कम्तीमा ६ वर्ष आफ्नो मुलुक प्रवेश गर्न नपाउने गरी मलेसियाले कालोसूचीमा राख्ने गरेको छ । नेपाली दूतावासले बेला-बेला अवैधानिक भएर नबस्न रोजगारीका लागि गएका नेपालीहरुलाई आग्रह गर्दै आएका भएपनि क्यासिनोको कुलतमा वा विदेशी महिलाको प्रभावमा परेका नेपालीहरु अवैधानिक हुने बताइएको छ ।

## 'निर्वाचन आयोग र मतदातालाई धन्यवाद'

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाचन समग्र रुपमा शान्तिपूर्ण रुपमा गराएको भन्दै निर्वाचन आयोगलाई धन्यबाद दिएका छन् ।

उनीहरुले निर्वाचन सफल बनाउने कार्यमा खटिने कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, पर्यवेक्षक, सञ्चारकर्मीलगायतलाई पनि धन्यवाद दिए ।

'निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । यसका लागि निर्वाचन आयोगलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै निर्वाचन सफल गराउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, सञ्चारकर्मी र पर्ववेक्षकहरूमा धन्यवाद तथा आभार व्यक्त गर्दछु', प्रधानमन्त्री देउवाले ट्वीटमा लेखेका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन शान्तिपूर्ण एवं भयरहित वातावरणमा निष्पक्ष, धाँधलीरहित र उत्साहपूर्ण रूपमा सम्पन्न भएकोमा पार्टीका तर्फबाट सबैलाई धन्यवाद दिएका हुन् ।

यो आम निर्वाचनमा नेपाली जनताले आफ्नो नागरिक अधिकारको प्रयोग गरिरहँदा दशकौंदेखिको लोकतन्त्रप्रतिको साधना र समर्पण फेरि एकपटक उजागर भएको सभापति

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४४९८७४०५
fb:mountain multiple mmtc

# जेष्ठ नागरिकको उत्साहपूर्ण सहभागिता




**काठमाडौं/मस-** आइतबार प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएको छ । देशभर छिटपुट घटना बाहेक शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको आयोगले जनाएको छ । निर्वाचनमा पाँचथरको फाल्गुनन्द गाउँपालिका-१ कि ११५ वर्षकी मनरानी आङदेम्बेले मतदान गरेकी छिन् । यस चुनावमा मतदान गर्ने सबैधन्दा धेरै उमेरको व्यक्तीमा उनी परेकी छिन् । उनीभन्दा धेरै उमेरका कुनैपनि वृद्धा-वृद्धले यस चुनामा मतदान गरेका छैनन् । आइतबार उनले तिर्तिरे आधार भूत विद्यालय मतदान केन्द्रबाट मतदान गरेकी हुन् । उनको नागरिकताको प्रमाणपत्रमा जन्ममिति १९६४ साल जेठ ११ गते उल्लेख छ ।

यस्तै, इलामको फाकफोकथुम गाउँपालिका-७ सिकारी भञ्ज्याङका ११५ वर्षीय मनबहादुर राईले मतदान गरेका छन् । फाकफोकथुम-७ स्थित सिंहदेवी मावि केन्द्रमा उनले मतदान गरेका हुन् । उनको नागरिकतामा जन्ममिति विसं १९६४ लेखिएको छ । तत्कालीन एकतप्पा गाउँ पञ्चायत-५ मा उनको जन्म भएको थियो ।

यस्तै, म्याग्दीमा १०७ वर्षीय वृद्धले मतदान गरेकी छिन् । मालिका गाउँपालिका-२ रुमका जसमनी कामीले राष्ट्रिय माविको (क) मतदान केन्द्रबाट मतदान गरेकी मतदान अधिकृत ईश्वरबहादुर भण्डारीले जानकारी दिइन् । म्याग्दीका एक सय २० वटै मतदान केन्द्रमा आइतबार बिहान ७ बजेदेखि मतदान सुरु भएको छ । म्याग्दीमा ८६ हजार मतदाता छन्। यहाँ प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई वटा निर्वाचन क्षेत्र छन् ।

यस्तै, कीर्तिपुर निवासी ९२ वर्षे तरमैं महर्जनले मतदान गरेका छन् । कीर्तिपुर वडा नं ९ स्थित नेपाल टेलिकम कार्यालयमा रहेको मतदान केन्द्रमा उहाँले मतदान गरेका हुन्। महर्जन मतदानपछि निकै उत्साही थिए । 'हामीलाई भोट हाल्ने अधिकार छ, भोट हाल्नै पऱ्यो', उनले भने, 'यो उमेरमा पनि भोट दिन पाउँदा राम्रो लागेको छ।' उनले छोराको सहयोगमा आइतबार विहान मतदान गरेका हुन्। मतदान केन्द्रमा पहिले जस्तो मानिसको भीड नदेखेको उनले बताए । उनले गत स्थानीय तहको निवार्चनमा पनि मतदान गरेका थिए ।

यस्तै, गोकर्णेश्वरकी ९२ वर्षीया इन्द्रकुमारी भण्डारीले पनि मतदान गरेकी छिन् । उनले विसं २०१५ को संसदीय निर्वाचनदेखि निरन्तर मतदान गर्दै आएकी छिन्। भण्डारीले काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं ३ गोकर्णेश्वर नगरपालिका-१ को रामजानकी आधार भूत विद्यालयमा रहेको मतदान केन्द्रमा मतदान गरेकी हुन् । उनले २०३० सालसम्म बालुवा गाउँ पञ्चायतमा मतदान गरेकी थिइन् । विसं २०३० देखि भने उनले तत्कालीन नयाँपाटी गाउँ पञ्चायत हालको गोकर्णेश्वर नगरपालिका-१ मा मतदान गर्न थालेकी हुन् ।

विगत ६५ वर्षदेखि नियमित मतदान गर्दै आएकी भण्डारी जनप्रतिनिधिका कामबाट भने धेरै सन्तुष्ट छैनन् । अब निर्वाचित हुने जनप्रतिनिधिले भने राम्रा काम गरे आफू खुसी हुने उनको भनाइ छ। 'विकास निर्माणका काम राम्रा हुन्, भावी सन्ततिले सहजरूपमा जीवनयापन गर्ने वातावरण बनोस्, मेरो यही कामना छ', भण्डारीले भनिन् ।

यस्तै, तनहुँको व्यास नगरपालिका-५ पतेनी निवासी ९० वर्षीया जगतमाया न्यौपानेले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको लागि मतदान गरेकी छिन्। उनले सोही वडाको ठूलोटारस्थित उदय माध्यमिक विद्यालय मतदान केन्द्र (क) बाट मतदान गरेकी हुन्। घरदेखि पाँच सय मिटर दूरीमा अवस्थित न्यौपाने परिवारको साथमा मतदान केन्द्र पुगेकी थिइन् । मतदान गरेपछि न्यौपानेले जनताले आफ्ना जनप्रतिनिधि चयनका लागि मतदान गर्नुपर्ने बताइन् ।

## नवलपरासीमा १०३ वर्षकी फूलमती तामाङद्वारा मतदान



**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी ४ मंसिर

पश्चिम नवलपरासीमा १ सय ३ वर्षकी महिलाले मतदान गरेकी छन् । जिल्लाको रामग्राम नगरपालिका वडा नम्बर १८ धरमपुरकी १०३ वर्षीया महिला फूलमती तामाङले प्रतिनिधिसभा क्षेत्र नं २ अन्तर्गत ज्ञानज्योती आधारभूत विद्यालय मतदान केन्द्र (ख) बाट मतदान गरेकी हुन् ।

# पशुपतिनाथमा बालाचतुर्दशी मेला



काठमाडौं/मस- प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै पशुपतिनाथलगायत देशभरका शिवालयमा गरिने महादीपदान पर्व सोमबार मनाइँदैछ । यसअन्तर्गत पितृका नाममा बत्ती बाल्न बिहानैदेखि पशुपति क्षेत्रमा भक्तजनको भीड शुरु हुन्छ। त्रयोदशीको बिहानदेखि भेला भएका भक्तजनले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्छन् । चतुर्दशीका दिन बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै सतबीज छरिन्छ । त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै सतबीज छर्छन् ।

यस अवसरमा पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवमन्दिरमा भक्तजनको भीड लाग्छ । बालाचतुर्दशीको अघिल्लो रात सोमबार दिवङ्गत पितृका नाममा महादीपदान गर्न लाखौं भक्तजन आएर रातभर जाग्राम बसेका छन् । सोमबार रातभर दीपदान गरी बसेका भक्तजनले मङ्गलबार बिहानै पितृको सम्झनामा सतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन् ।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन्। यसरी आएका श्रद्धालु भक्तजनको मार्गशीर्ष कृष्ण त्रयोदशीको बिहानैदेखि पशुपति क्षेत्रमा भीड लाग्ने गर्छ। बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो । जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । पशुपति क्षेत्रमा सोमबार बिहानैदेखि सुरक्षाकर्मी लगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक सय आठ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा सतबीज छर्ने गरिन्छ । बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिरवरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन् ।

सतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ । हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार सतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरू अन्न होइन भन्छन् धर्मशास्त्रविद् प्रा. डा. रामचन्द्र गौतम ।

'भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्य क्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरेबराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ', उनले भने ।

वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गरेको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ । सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो। सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए ।

त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ ।

आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई सतबीज छर्ने आज्ञा दिएका थिए ।

# रौतहटमा चार स्थानबाट मतगणना हुने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ मंसिर



रौतहटको ४ वटा क्षेत्रको मतगणना ४ स्थानबाट हुने भएको छ। रौतहट क्षेत्र नम्बर १ को जुद्ध मावि गौरमा मतगणना हुनेछ । क्षेत्र नम्बर २ को लौकाहा मावि, क्षेत्र नम्बर ३ का कटहरिया मावि र क्षेत्र नम्बर ४ को जन ज्योती बहुमुखी क्याम्पस चन्द्रनिगाहपुरमा मतगणना हुने जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ । २०७४ सालको निर्वाचनमा सबै क्षेत्रको मतगणना जुद्ध मावि गौरमा गरिएको थियो । यस वर्ष भने चारवटै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

# पोखरा विमानस्थलमा यान्त्रिक उडान

**काठमाडौं/मस-** मुलुककै तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा सोमबारदेखि यान्त्रिक परीक्षण उडान 'क्यालिब्रेसन फ्लाइट' सञ्चालन हुँदैछ। यान्त्रिक उडानका लागि सम्पूर्ण तयारी पूरा भएको नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार पोखरा विमानस्थलमा एक साता यान्त्रिक उडान हुनेछ । उक्त प्रयोजनका लागि एरोथाई कम्पनीको जहाज शनिबार नै पोखरा विमानस्थलमा पुगिसकेको छ। प्राधिकरणले मंसिर ५ देखि १२ गतेसम्मको यान्त्रिक उडानको तालिका बनाएको हो ।



यान्त्रिक उडानमा एयर ट्राफिक कन्ट्रोलर, टावर, धावनमार्ग र विमानस्थलमा जडान भएका सञ्चार उपकरणले काम गरे/नगरेको परीक्षण गरिनेछ । यान्त्रिक परीक्षण सफल भएपछि मात्रै व्यावसायिक उडान सञ्चालन गरिन्छ । प्राधिकरणले आगामी जनवरी १ (पुस १७ गते) देखि पोखरा विमानस्थल व्यावसायिक सञ्चालनको घोषणा गरिसकेको छ।

यान्त्रिक उडानका क्रममा पोखरा विमानस्थलमा हुने आन्तरिक उडान सामान्य प्रभावित हुनेछ । उडान प्रभावित हुने भएकाले साबिकको उडान तालिका हेरफेर गर्न सरोकारवाला एयरलाइन्ससँगको छलफलपछि निर्णय भएको प्रवक्ता निरौलाले बताउनुभयो । उडान तालिका परिवर्तन हुने भएपछि एयरलाइन्सले सूचना निकालेर यात्रुलाई जानकारी गराइसकेका छन् ।

'बिहान १० बजेसम्म उडान हुन्छ र उडान बन्द हुन्छ । १० देखि दिउँसो १ बजेसम्म यान्त्रिक परीक्षण उडान हुन्छ । पुनः १ देखि २:३० बजेसम्म उडान हुन्छ र त्यसपछि पुनः यान्त्रिक उडान सञ्चालन गरिन्छ । यान्त्रिक उडानका बेला नियमित उडान सामान्य प्रभावित हुने भएकाले एयरलाइन्सलाई 'रिसेड्युल' गर्न आग्रह गरेका छौं', प्रवक्ता निरौलाले भने । पोखरा विमानस्थलमा बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्सले उडान गर्दै आएका छन् । पोखरालगायत देशका अन्य विमानस्थलमा पनि यान्त्रिक उडान गरिने प्राधिकरणले जनाएको छ । यान्त्रिक उडान सकेर आगामी डिसेम्बर ५ मा एरोथाईको जहाज फर्किने प्रवक्ता निरौलाले बताए । एरोथाईको जहाजले देशभरका आन्तरिक विमानस्थलको उपकरण जाँचमा नियमित परीक्षण उडान गर्नेछ ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पोखरा विमानस्थल करिब तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको छ । यो विमानस्थलको लगानी करिब २२ अर्ब हुने प्राधिकरणले जनाएको छ। विमानस्थलको हाल दुई हजार पाँच सय मिटरको धावनमार्ग र ४५ मिटर चौडाइ तथा धावनमार्गको मोटाइ ३४ सेन्टिमिटर रहेको छ । ठूला जहाजको उडान एवं अवतरणमा अवरोध गर्ने भनिएको पोखरा विमानस्थल नजिकै रिट्टेपानी डाँडो पहिलो चरणमा १४ मिटर कटान कार्य सकिएको प्राधिकरणले जनाएको छ। धावनमार्गको 'अप्रोच' पर्ने भएकाले करिब ४० मिटर डाँडा काटेर समतल बनाइनेछ । यान्त्रिक उडानका लागि शुरुमा १४ मिटर डाँडा कटान गरिएको हो ।

### बाजुरामा...

मतपेटिका खोस्न थालेपछि प्रहरीले बाध्य भएर स्थिति नियन्त्रणमा लिन खोज्दा गोली लागेर एक जनाको मृत्यु भएको जानकारी दिँदै उनले अनुसन्धानपछि सत्यतथ्य सार्वजनिक हुने बताए ।

उनले प्रहरीले पूर्ण अधिकार प्राप्त हुँदाहुँदै पनि धेरै संयमता अपनाएका कारण ठूलो दुर्घटना हुन नपाएको पनि बताए । दुई पक्षीय विवाद भएको र मतपेटिका नै खोस्न थालेपछि घटना हुन पुगेको उनको भनाइ छ ।

घटनामा प्रहरी हवल्दार कृष्ण कुँवरसहित तीन जना घाइते भएका छन्। घाइते हुनेमा स्थानीय पर्शुराम पाध्याया र खडक अएडी छन् । घाइते तीनै जनाको काठमाडौंमा उपचार जारी छ । घाइतेलाई नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं ल्याइएको हो ।

नेपाली कांग्रेस र एमाले कार्यकर्ताबिच बार-बार झडप भए पछि स्थितिलाई नियन्त्रणमा लिन गोली चलाइएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी नायब उपरीक्षक सूर्य थापाले बताए । नाट्यश्वरी आधारभुत बिद्यालयमा रहेको मतदान केन्द्रमा गोली चलेको हो । यो मतदान केन्द्रमा काग्रेस को बलियो पकेटको रुपमा रहेको केन्द्र हो ।

### १५ स्थानमा...

गर्ने वातावरण निर्माण गर्न निर्देशन दिएको छ ।

'आयोगले जुन जुन ठाउँमा स्थगित भएको छ त्यहाँको तथ्यगत विवरणको आधारमा जनताको अभिमतलाई कदर मतदान पुनः गर्न आवश्यक भएको बाध्यता महसुस भयो' थपलियाले भने 'स्थगन वा रद्द भएको मतदान केन्द्रमा बढी तयारी गरेर दुई दिनभित्र पुन मतदान गराउने निर्णय गरिसक्न उपयुक्त मिलाउन सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई आयोगले दिई सकेको छ ।'

### मतगणना...

बुढानीलकण्ठस्थित जेष्ठ नागरिक आश्रम परिसरमा छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायका अनुसार प्रत्यक्ष र समानुपातिकर्फको मतलाई एकै पटक चार स्थानमा गणना गरिएको छ ।

निर्वाचन आयोगले पनि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको मतगणना गर्दा प्रत्यक्ष र समानुपातिकर्फ एकैसाथ मतगणना गर्न निर्देशन दिएको थियो ।

मतदानका क्रममा कतिपय मतदान केन्द्रमा कर्मचारी र मतदाताको असावधानीका कारण प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको केही मतपत्र तोकिएको मतपेटिकामा नखसी अर्को मतपेटिकामा खसेको भन्ने गुनासो आएपछि मतगणनाका लागि उक्त निर्देशन दिइएको आयोगले जनाएको छ ।

### राष्ट्रिय ...

मान्यतासम्बन्धी व्यवस्था छ। जहाँ भनिएको छ, 'प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्षतर्फ) एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ ।'

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी र तत्कालिन राष्ट्रिय जनता पार्टीले मात्र राष्ट्रिय दलको मान्यता पाएका थिए । नेकपा एमाले फुटेर बनेको नेकपा एकीकृत समाजवादी र जसपा फुटेर बनेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि राष्ट्रिय दलको रुपमा रहेका छन् । तर, चुनावपछि अबको पाँच वर्ष कुन कुन दल राष्ट्रिय दलको रुपमा रहन्छन् भन्ने क्लियर हुनेछ ।

राष्ट्रिय दलले संसदीय दल गठन गर्न पाउँछ । संसदीय दल सञ्चालनका लागि संघीय संसद सचिवालयले कार्यालय र कर्मचारीको व्यवस्था गरिदिन्छ । पार्टी स्थापनाको छोटो समयमै राष्ट्रिय स्वतन्त्र पार्टी राष्ट्रिय दलका रुपमा स्थापित हुने धेरैको अनुमान छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने स्वमं पनि आफ्नो पार्टीले चितवनबाट घण्टी बजाउन सुरु गरिसकेको बताउँछन् । बेसिक स्कुल कालिका नगरपालिका-२ मा उनले मतदातासामु भने, 'किला गडिसक्यौं त, कहाँ छोड्छु म अब गर्ने हो, पालो हाम्रै त हो, मैले जित्ने भनेको तपाईहरुले जित्ने हो ।'

आफूले चुनाव जितेपछि पनि चुनाव अगाडि मत माग्न आए जसरी नै घरघरमा आउने लामिछानेको प्रतिवद्धता छ ।

### निर्वाचन...

देउवाले बताएको पार्टीका मुख्यसचवि कृष्णप्रसाद पौडेलले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मतदानमा भएको यो उत्साहपूर्ण सहभागिताले नेपाली नागरिकका मनमा रहेको लोकतन्त्रप्रतिको अगाध र अविचलित आस्था अभिव्यक्त भएको सभापति देउवाको भनाइ छ ।

आवधिक निर्वाचन लोकतन्त्रको अनिवार्य शर्त भएको उल्लेख गर्दै कांग्रेसले निर्वाचनबाट आउने परिणामले मुलुकलाई स्वाधीन, स्वाभिमानी र समुन्नत बनाउँदै लोकतान्त्रिक संस्कार र संस्कृतिमा आधारित समतामूलक समाज निर्माणमा सहयोग गर्नेछ भन्ने विश्वास पनि प्रधानमन्त्रीसमेत रहेका सभापति देउवाले लिएका छन्। निर्वाचनमा अत्यन्त उत्साह, संयम र धैर्यका साथ सरिक भई अमूल्य मत खसाल्ने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति उनले हार्दिक आभार एवं कृतज्ञता व्यक्त गरेका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मतदातालाई धन्यवाद दिएका छन् । आइतबारको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मतदान सकिएपछि उनले फेसबुकमार्फत मतदातालाई धन्यवाद दिएका हुन् ।

मलेसियामा रोजगार
कम्पनी: PROFESSIONAL SECURITY SERVICES SDN BHD
शहर : Malaysia,seremban
पूर्व स्वीकृत मिति: २०७९/०८/०२ चलानी नं.: ६०१९१५१२ LT. No.: 275732

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 64 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १२ गते (28 Nov. 2022) मा हुनेछ ।


| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

EMINENCE
Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370, 98550634554, 9813517109, 9742546470, 9823616084.
Email: info@eminencenepal.com
Web: www.eminencenepal.com

# केन्द्रीय कारागारका सात कैदीबन्दीले गरे मतदान

**काठमाडौं / मस-** केन्द्रीय कारागार जगन्नाथदेवल मतदान केन्द्रबाट सात कैदीबन्दीले मतदान गरेका छन् । आठ कैदीबन्दीको मतदाता नामावलीमा नाम रहे पनि सात कैदीबन्दीले मतदान गरिसकेको मतदान अधिकृत ईश्वरीप्रसाद अर्यालले जानकारी दिए । एक कैदीबन्दीको भने यसअघि नै अर्को कारागारमा स्थानान्तरण भएको थियो । बिहान ७ बजे नै मतदान शुरु भएमा ८ बजेअगावै उनीहरुले मतदान गरेका हुन् । सो मतदान केन्द्रमा आठ कैदीबन्दी र १२ कर्मचारी गरी २० जनाको मतदाता नामावली कायम थियो ।




मतदाता सूचीमा रहेका १२ मध्ये ११ कर्मचारी निर्वाचनमा खटिइएकाले मतदान अधिकृत अर्यालले मात्र सो केन्द्रबाट मतदान गरे । उनीहरुले प्रतिनिधिसभाको समानुपातिकतर्फमात्र मतदान गरेका हुन् । समानुपातिकको मत आयोगमा दर्ता भएका राजनीतिक दलले मात्र पाउने प्रावधान छ ।

केन्द्रीय कारागार मातहत रहेका तीनवटा कारागारमध्ये केन्द्रीय कारागारमा चार र भद्र बन्दीगृहका तीन बन्दीले मतदान गरेका हुन् । महिला कारागारमा रहेका कैदीबन्दीको भने मतदाता नमावलीमा नाम नरहेको बताइएको छ । केन्द्रीय कारागारमा तीन हजार चार सय बढी कैदीबन्दी रहेका छन् । निर्वाचन आयोगले पहिलोपटक मतदाता नामावलीमा नाम समावेश भएका कैदीबन्दीलाई मतदान गर्ने व्यवस्था गरेको थियो ।

# चितवनमा तीन स्थानबाट मतगणना



**भरतपुर / मस-** चितवनमा तीन स्थानबाट मतगणना हुने भएको छ । तीन निर्वाचन क्षेत्रमा रहेका निर्वाचन अधिकृतको कार्यालयमा मतगणनाको तयारी गरिएको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको भरतपुरमा निर्वाचन क्षेत्र नं २ को गणनाका लागि चितवन उद्योग संघको हलमा गणनास्थल तयार गरिएको छ । मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापाले मतगणनास्थलमा १० सिसीटिभी, मनिटर र फलामे बारसहितको जाली लगाइएको बताए । यहाँ चार ठाउँबाट गणनाको काम थालिने उनले जानकारी दिए । दुई ठाउँबाट प्रतिनिधिसभा र दुई ठाउँमा प्रदेश क्षेत्र (१) र (२) को प्रत्यक्षको मतगणना गर्ने थापाले बताए । अन्य निर्वाचन क्षेत्रमा पनि सोहीअनुसारको गणनाको योजना बनाइएको उनको भनाइ छ ।

मतगणनास्थलमा सुरक्षा व्यवस्था कडा गर्ने गरी तारजाली र सिसीटिभी क्यामरा जडानको काम गरिएको मुख्य निर्वाचन अधिकृत थापाले जानकारी दिए । यहाँ विसं २०७४ को स्थानीय तहको निर्वाचनअन्तर्गत भरतपुर महानगरपालिकाको मतगणनाका क्रममा मतपत्र च्यातिएपछि देशैभरि मतगणनास्थलमा तारजाली लगाउन थालिएको छ ।

चितवन क्षेत्र नं १ को खैहरनी माविमा मतगणना गर्ने तयारी गरिएको छ । त्यहाँ चार ठाउँमा मतगणनाका लागि तयारी गरिएको छ । यस्तै चितवन क्षेत्र नं ३ को कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरमा मतगणनाको तयारी गरिएको छ । यहाँ दुई ठाउँमा मतगणना गर्ने गरी संरचना निर्माण गरिएको छ । मुख्य निर्वाचन अधिकृत थापाले तीन दिनभित्र प्रत्यक्षतर्फको गणनाको काम सक्ने लक्ष्य राखिएको बताए ।

**नमूना मतदानस्थल**

चितवनको भरतपुर माविको मतदानस्थललाई नमूना मतदानस्थल बनाइएको छ । यस मतदानस्थलमा कर्मचारीदेखि सुरक्षाकर्मी सबै महिला मात्रै राखिएको छ । क्षेत्र नम्बर २ अन्तर्गत पर्ने यस मतदानस्थलमा चार वटा मतदान केन्द्र तोकिएको छ । यसमा कूल ३२ महिला कर्मचारी छन् । यस मतदानस्थलमा सुरक्षाका लागि पनि सबै २३ महिला सुरक्षाकर्मी खटाइएको छ । चारवटा केन्द्रमा गरेर कूल तीन हजार दुई सय २९ मतदाता रहेको मतदान अधिकृत विष्णुमाया विकेले जानकारी दिइन् । मतदान केन्द्रको तयारीदेखि मतदान सम्पन्न गर्नेसम्म सबै काम कुशलतापूर्वक पूरा गर्ने उनले बताइन् ।

# काठमाडौं उपत्यकाको शहरीभन्दा काँठ क्षेत्रका मतदातामा बढी उत्साह

**काठमाडौं / रासस-** काठमाडौं उपत्यकामा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका क्रममा शहरी क्षेत्रमा भन्दा काँठ क्षेत्रमा मतदाताको बढी उत्साह देखिएको छ । काठमाडौं महानगरपालिकामा भन्दा बाहिरका नगरपालिकामा मतदाताको बढी भीड देखिन्छ । शहरी क्षेत्रका धेरै मतदानस्थलमा खटिएका कर्मचारी मतदाता कुरेर बस्ने बाध्य भएका छन् । काँठ क्षेत्रमा पनि यसअघिको स्थानीय तह निर्वाचनमा जस्तो मतदाताको उत्साह नदेखिए पनि शहरी क्षेत्रको तुलनामा उत्साहपूर्ण सहभागिता देखिएको काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं ३ का निर्वाचन अधिकृत मन्दिरा शाहीले जानकारी दिइन् ।



'यस क्षेत्रको शहरी भेग काठमाडौं महानगरपालिका-६ को सरस्वतीनगर र बौद्ध क्षेत्रमा रहेको मतदान केन्द्रभन्दा गोकर्णेश्वर नगरपालिका- ३ स्थित तारेभीर क्षेत्रका मतदातामा उत्साह देखिएको छ', उनले भनिन्, 'गोकर्णेश्वर नगरपालिकाकै बढी जनघनत्व भएका जोरपाटी, गोकर्णभन्दा कम जनघनत्व भएको सुन्दरीजल, कागेश्वरी क्षेत्रमा मतदाता उत्साहपूर्वक मतदानमा सहभागी भएका छन् ।'

यस निर्वाचन क्षेत्रको काँठ भेगमा दिउँसो २ बजेसम्म करिब ५० प्रतिशत हाराहारीमा मतदान भएको मतदान अधिकृत शाहीले जानकारी दिएको निर्वाचन क्षेत्र अधिकृतको कार्यालयले जनाएको छ । त्यही समयभित्रमा शहरी क्षेत्रमा भने करिब ४० प्रतिशत हाराहारीमात्र मतदान भएको छ । मतदानस्थलमा भेटिएका मतदातामा उत्साह भने धेरै देखिएको छैन ।

स्थानीय तह निर्वाचनमा जति पनि उत्साह मतदातामा नदेखिएको गोकर्णेश्वर नगरपालिका-१ का स्थानीयवासी रोशन पोखरेलले बताए । स्थानीय तह निर्वाचनमा स्थानीयस्तरकै धेरै उम्मेदवार हुने भएकाले धेरै मतदाताको सहभागिता रहने गरेको थियो ।

राजनीतिक दल र तीनै तहमा यसअघि निर्वाचित जनप्रतिनिधिको गतिविधिले पनि मतदातामा मतदान गर्न जाने जाँगर नदेखिएको उनको भनाइ छ । राजनीतिक दल र तिनका प्रतिनिधिले निर्वाचनमा वाचा अनुसार काम नगर्ने, विधिभन्दा पनि राजनीतिक रङका आधारमा काम गर्ने, विभिन्न विवादास्पद गतिविधिमा जनप्रतिनिधि मुछिने गरेकाले पनि निर्वाचनप्रति मतदाताको उत्साह बढ्न नसकेको हो ।

काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. २ मा पनि शहरी क्षेत्रमा भन्दा ग्रामीण भेगमै मतदाताको उत्साह बढी देखिन्छ । सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकासँग सीमा जोडिएको यस क्षेत्रको शङ्खरापुर नगरपालिकाका वडा नं. १, २, ३ र ४ मा बढी मतदाताको उत्साह देखिएको जनाइएको छ ।

काठमाडौं जिल्ला क्षेत्र नं २ मा पर्ने महानगरपालिकाका- ९ र ३२ मा मतदाताको कम उत्साह छ । वडा नं ९ का मतदाता सुरेश नेपाल राजनीतिक दलले यो क्षेत्रलाई प्रयोगशालाका रुपमा विकास गर्न खोजेकाले पनि मतदातामा उत्साह कम हुँदै गएको बताउँछन् । यो क्षेत्रमा ठूला दलले पटक-पटक बाहिरका उम्मेदवार उठाउने गरेका छन् । ठूला नेताले चुनाव लड्ने र जितेपछि अरु क्षेत्रमा जाने गरेकाले मतदाता रुष्ट हुने गरेका छन् ।

**काठमाडौं-३ मा सोमबार बिहानबाट मतगणना**

काठमाडौं-३ मा निर्वाचन सकिएपछि सबै प्रक्रिया पूरा गरेर सोमबार बिहान ७ बजेमात्र मतगणना शुरु गर्ने सहमति सर्वदलीय बैठकमा भएको निर्वाचन अधिकृत शाहीले जानकारी दिइन् । सोमबार बिहान ७ बजेपछि मतगणना नसकिएसम्म निरन्तर गणना भइरहने उनले बताइन् । विगतका संसदीय निर्वाचनमा सबै क्षेत्रको कार्यालय राष्ट्रियसभा गृहमा राख्ने गरिएको थियो ।

यस वर्ष सबै क्षेत्रको निर्वाचन अधिकृतको कार्यालय छुट्टाछुट्टै राखिएको छ । मतगणना पनि सबै क्षेत्रमा गरिने छ । काठमाडौं-३ को मतगणना यसपटक चामुण्डा माध्यमिक विद्यालयमा गर्ने गरी तयारी गरिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतगणनाका लागि सुरक्षालगायत सबै तयारी पूरा भएको छ । एक हजार मतगणना सकिएपछि मतसंख्याको जानकारी माइकिङमार्फत् दिइने जानकारी पनि निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । समानुपातिकको पनि मतगणना सकेरमात्र मत यो क्षेत्रको निर्वाचनको प्रतिवेदन बुझाइने जनाइएको छ ।

# नवलपरासीमा ७२ प्रतिशत मत खस्यो

**सहबान अन्सारी / मध्यान्ह**
नवलपरासी, ४ मंसिर

नवलपरासीमा ७२ प्रतिशत मत खसेको छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा करिब ७२ प्रतिशत मत खसेको छ । आइतबार भएको मतदानमा सबै मतदान केन्द्रहरुमा शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेलले जानकारी दिए ।



जिल्लामा दुई निर्वाचन क्षेत्रमा १ सय २० मतदान स्थल, २ सय ८७ मतदान केन्द्र र १ अस्थाई मतदान (जिल्ला कारागार) निर्धारण गरिएको थियो । जिल्लामा कुल २ लाख ४० हजार ९ सय ३० मतदाता रहेका छन् । जसमध्ये १ लाख १९ हजार ६५ जना महिला, १ लाख २१ हजार ८ सय ६१ जना पुरुष र ४ जना अन्य मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

# मतदान केन्द्रमा वृद्धको निधन

**तेह्रथुम / मस-** तेह्रथुममा मतदान गर्न मतदान केन्द्रमा पुगेका एक वृद्धको निधन भएको छ । लालीगुराँस नगरपालिका-८ सोल्मास्थित रत्न मावि मतदान केन्द्रमा भोट हाल्न पुगेका ८८ वर्षीय योङहाङ दीप लिम्बूको मतदान केन्द्रमै निधन भएको हो । रत्न मावि मतदान केन्द्रको गेटमा पुगेपछि लिम्बू लडेका थिए । वृद्ध उच्च रक्तचापको बिरामी रहेको प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद अर्यालले जनाकारी दिए ।



यसैबीच रामेछापको लिखु तामाकोसी गाउँपालिकामा मतदान गरेर फर्किएका एक वृद्धको मृत्यु भएको छ । लिखु तामाकोसी गाउँपालिका-४ बिजुलीकोट दुसिमका ७१ वर्षीय ठगबहादुर सुनुवारको मतदान पश्चात मृत्यु भएको गाउँपालिका अध्यक्ष केशव महतले जानकारी दिए ।

उनका अनुसार मतदान गरिपश्चात अचानक बेहोस भएका सुनुवारलाई उपचारको लागि अस्पताल लगिएको थियो । अस्पताल लैजाँदै गर्दा सुनुवारको बाटोमा ज्यान गएको महतले बताए ।

# धान पकेट क्षेत्रकै बासिन्दा आयातित चामलमा निर्भर

**डुम्रे / रासस-** तनहुँको व्यास नगरपालिका-८ बर्लाचीका ८१ वर्षीय अग्रज किसान विष्णुप्रसाद ओझालाई बजारबाट किनेर ल्याएको चामलको भातको स्वाद पटक्कै मनपर्दैन । आफ्नै खेतमा उब्जेको धानको भात खाँदै आएका उनी अहिले बजारको चामलको स्वाद मन नपरे पनि खानुपर्ने बाध्यता रहेको बताउछन् । पहिले गाउँमा एउटा घरमा मसिनुको चामल पाक्दा गाउँभर नै बास्ना थाहा हुने गरेको सम्झँदै उनी भन्छन्, 'पहिले चामलको स्वाद गुलियो हुन्थ्यो । अहिले स्वाद नै फरक छ । अहिलेको धानबाट आएको चामलको गुलियोपन छैन ।' प्राङ्गारिक मल प्रयोग खेतीपातीमा गर्ने प्रचलन नै हराएको उनी बताउछन् । विगतमा प्राङ्गारिक मल र गाईवस्तुको मल हाल्दा उत्पादन राम्रो हुनुका साथै स्वादिलो हुने गरेको उनको भनाइ छ ।



ओझा भन्छन्, 'ढिँकी, जाँतोमा कुटानीपिसानी गर्ने भएकाले पनि स्वादिलो हुन्थ्यो । अहिले विद्युतीय मेसिनमा कुटानीपिसानी हुँदा स्वाद फरक परेको हो ।' अहिले खेतीपाती गर्न खर्चिलो भएको उनी बताउछन् । लगानीअनुसारको प्रतिफल हुन छाडेपछि जग्गा बाँझै राखेर बजारबाट चामलको बोरा ओसार्ने क्रम बढ्दै गएको उनको भनाइ छ । उनी भन्छन्, 'भकारीको धान निकाल्नु भन्दा बजारको बोरा बोक्न सजिलो मान्छन् मानिसहरु । दुःख किन गर्छन् र ?'

आफ्नै खेतबारीमा उत्पादन भएको धान किनेर खानुपर्ने अवस्था आएको बताउँदै उनी भन्छन्, ' अधियाँ गर्ने मान्छे पाइँदैन । खेत बाँझै रहन्छ । आफ्नो खेत ठेक्कामा दिएर उत्पादन भएको धानलाई बजारबाट किनेर चामल खानु परेको छ ।' विगतमा मंसिरे धान मात्रै ७० देखि ८० मुरी धान उत्पादन गर्ने उनले केही वर्षदेखि आफूले खेती गर्न नसकेको बताउछन् ।

व्यास नगरपालिका-७ का ८० वर्षीय इन्द्रबहादुर शाहीले उत्पादन गर्न नसकेपछि बजारको चामल किनेर खानुपर्ने अवस्था आएको बताए । 'खेतीपाती गर्न सकिदैन । छोराछोरी बजार झर्ने र विदेश जाने गर्दा खेतीपाती गर्दैनन् । भएको जग्गाजमिन बाँझो छ र किनेर बजारको चामल खानुपर्ने बाध्यता भएको छ,' शाहीले भने । बजारबाट किनेको चामलको मूल्य भन्दा उत्पादन लागत बढी हुने हुँदा पनि युवा पुस्ताले चासो दिन छाडेको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले धान उत्पादन बर्सेनि घट्दो क्रममा रहेको बताए । 'धान उत्पादन लागत बर्सेनि वृद्धि हुन्छ तर धानको मूल्य वृद्धि नहुँदा धान खेतीमा युवाको चासो छैन,' उनले भने । जिल्लामा जमिन बाँझिने क्रम बढ्दै गएको तिवारीले बताए । 'जबसम्म स्थानीय, प्रदेश र सङ्घ सरकारले जमिन बाँझो राख्न नपाउने नीति निर्माण गर्दैनन्, तबसम्म बाँझो जमिन बढ्दै जान्छ ।

चालू आर्थिक वर्षमा तनहुँमा धान उत्पादन वृद्धि हुने भएको छ । धान फुल्ने समयमा वर्षा भएकाले उत्पादन बृद्धि भएको वरिष्ठ कृषि विकास अधिकृत तिवारीले बताए । 'गत वर्षको तुलनामा यसवर्ष धान उत्पादन वृद्धि हुने अनुमान गरेका छौँ', उनले भने । गत वर्ष आठ हजार सय २० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३२ हजार आठ सय २४ मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष उत्पादन क्षेत्र केही वृद्धि भएको उनले बताए । यसवर्ष आठ हजार सात सय ३० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३३ हजार आठ सय ४० मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको तिवारीले बताए । उत्पादन वृद्धि भए पनि पकेट क्षेत्रकै किसानले धान किनेर खानुपर्ने अवस्था रहेको उनले बताए ।


**कृषि पेसाबाट विमुख**

कृषि पेसामा लागत वृद्धि हुने क्रम रहेकाले यसबाट विमुख हुने किसान बढ्दै गएका छन् । आफैँले उत्पादन गर्नुभन्दा किनेर चामल खान लागत कम पर्ने भएपछि दुःख गर्न युवा नचाहने बताइएको छ । धान उत्पादनका लागि धेरैखर्च बढ्दा विदेशबाट आयातित चामल किनेर खान किसानले नै थालेको व्यास नगरपालिका-८ बर्लाचीका ७२ वर्षीय अगुवा व्यक्ति दिनानाथ लम्साल बताउछन् । उनी भन्छन्, 'पुरानो परम्परागत खेतीपाती गर्ने प्रचलन छैन ।'

स्थानीय उत्पादित मल, बीउ हराएको र पूर्ण रुपमा आयातित मल, बिउबिजन हुने भएकोले उत्पादन राम्रो भएको देखिने गरेको उनले बताए । धेरै देखिए पनि दीर्घकालसम्मलाई अन्न नपुग्ने गरेको लम्साल बताए । तराई क्षेत्रमा जस्तो कामदार यहाँ नपाइने उनी बताउछन् । रासायनिक मलको प्रयोगले माटो बिग्रने र उत्पादन घट्ने किसानको बुझाइ छ । विगतमा तनहुँ करिब धान उत्पादनमा आत्मनिर्भर रहेको मात्र होइन, अन्यत्र निर्यात समेत हुने गरे पनि हाल आयात हुने गरेको छ । व्यास नगरपालिकाअन्तर्गत साँगेफाँट, रिस्तीफाँट, सेरा, गजौडे, माझफाँट, सिसाघाट, सत्रसय, घाँसीकुवा, भानु नगरपालिकाको चुँदीफाँट, बाइसजागर, आँबुखैरेनी गाउँपालिकाको ढापटार, बन्दीपुर गाउँपालिकाको याम्पाफाँट, सत्रसयफाँट धान उत्पादनको राम्रा क्षेत्र हुन् ।

# लमजुङमा ६०.५८ प्रतिशत मत खस्यो

**लमजुङ / मस-** लमजुङमा ६० दशमलव ५८प्रतिशत मत खसेको छ । लमजुङमा ८० हजार ९सय १७ मत खसेको जिल्ला निर्वाचन कार्यालय लमजुङका प्रमुख नारायणप्रसाद सापकोटाले बताए । उक्त मतमध्ये ४२ हजार ९ सय ३२ जना महिला र ३७ हजार ९ सय ८५ जना पुरुष मतदाताले मत खसालेका छन् । जिल्लामा कुल मतदाता १ लाख ३३ हजार ५५९ जना रहेका छन् । एक प्रतिनिधिसभा र दुई प्रदेश निर्वाचन क्षेत्र रहेको यस जिल्लामा १८६ मतदान केन्द्र र १२८ मतदान स्थल रहेको छ । निर्वाचन कार्यालय प्रमुख सापकोटाले भने, 'हालसम्मको डाडा करिब करिब फाइनल हो तर, सबै डाडा आउनलाई भने सबै मतदानमा खटिएको मतदान अधिकृतहरुले ल्याउने मुल अभिलेखलाई मान्छौं ।'




विभिन्न ठाउँमा मुख्य निर्वाचन अधिकृतको कार्यालय एवं मतगणना स्थलमा आउने क्रम जारी रहेको र रातिसम्म सबै आइपुग्नेछ । सम्भवत भोलि बिहानदेखि मतगणना जारी रहने उनको भनाई छ । जिल्लामा कुल ६८ हजार २८८ जना महिला र ६५ हजार २७१ जना पुरुष मतदाता रहेका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
५ मंसिर २०७९, सोमबार
21 November 2022, Monday

## सम्पादकीय

# विश्वास बढाउनुपर्ने चुनौती

छिटफुट घटना बाहेक मुलुकभर शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको छ । बाजुरामा एक जनाको प्रहरीको गोली लागेर मृत्यु भयो भने केही ठाउँमा झडप हुन पुग्यो । त्यसैकारण १५ स्थानको मतदान स्थगित भएको छ । ती ठाउँहरूमा फेरि मतदान हुनेछ । बाँकी क्षेत्रमा भने शान्तिपूर्ण रूपमा मतदान भएको निर्वाचन आयोगले जनाएको छ । शान्तिपूर्ण मतदान भएपनि अपेक्षित मत भने खसेन । कुल मतदाता १ करोड ७९ लाख ८८ हजार ५७० रहेकोमा ६१ प्रतिशत मात्रै मत खसेको आयोगले जानकारी दिएको छ । यो भनेको अघिल्लो निर्वाचन भन्दा ६ प्रतिशतले कम मत खसेको हो । गएको ३० वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा ६६ प्रतिशत मत खसेको थियो ।

तर ६ महिनाभित्रै ६ प्रतिशतले कम मत खस्नुलाई चासोका साथ हेरिएको छ । हुनत स्थानीय चुनाव भन्दा आमनिर्वाचनमा थोरै मत खस्ने पूर्वानुमान नै थियो । तर कम मत खस्नुको अन्तर भने फराकिलो देखिएको छ । कम मत खस्नुसँगै निर्वाचन लगत्तै सार्वजनिक कतिपय एक्जिट पोलहरूको नतिजाले यो निर्वाचनलाई थप उत्सुक बनाएको छ । किनकि प्रारम्भिक प्रतिक्रियाले पुराना दलहरूप्रतिको आकर्षण कम देखिएको छ । मुलुककै नेतृत्व गर्दै आएका दलहरूको साटो नयाँ शक्तिप्रति अनेपक्षित आकर्षण देखिएको ती सर्वेक्षणहरूले देखाएका छन् । तसर्थ पनि अहिले मत कम खस्नुलाई राजनीतिक आकर्षणसँग जोडेर हेरिएको छ । अझ दलहरूले जनताको मन जित्न नसकेको टिप्पणीलाई प्रारम्भिक प्रतिक्रिया र मत कम खस्नुलाई सँगै जोडेर हेरिएको पाइन्छ ।

तर लोकतन्त्रमा जनताले दिएको जनादेशको पालनाको विकल्प छैन । त्यसैपनि अन्तिम मत गणना नै शुरू नभइ गरिएका आशंका र अनुमानलाई अन्तिम मत परिणामले बदल्न सक्छ । यदि त्यस्तो नहुनेको अवस्थामा पनि जनादेश बमोजिम आगामी राजनीतिक कोर्स तय हुनुको विकल्प छैन । पुराना शक्तिहरूप्रति आकर्षण घटेको नतिजा आएमा पनि स्वीकार्नुपर्छ । ती दलहरूले आफूलाई सच्याउनुपर्छ । तर कम कम खसेकोप्रति भने सबै पक्षबाट सचेत छलफल हुन जरूरी छ । धेरै भन्दा धेरै नागरिकको अभिमत लिन सक्दा मात्रै लोकतन्त्र सबल हुन्छ । व्यवस्थाप्रतिको स्वीकार्यता बढेको मानक बलियोगरी स्थापित हुन्छ । अहिलेलाई भने जनादेश मतपेटिकामा परिसकेको छ, जनादेश अनुसार आगामी राजनीतिक कोर्स तय हुन आवश्यक छ ।

# व्यवस्थाप्रतिको प्रश्न

*महँगा गाडी, मोटरसाइकल, हेलिकप्टर, महँगो जीवनशैली नै संघीयता र लोकतन्त्र अनि गणतन्त्रको सुन्दर पक्ष हो र ? देश दुख्दैन यसो गर्दा ? देशको निर्वाचन प्रणाली धेरै महँगो भएकै कारण भ्रष्टाचार मौलाएको होइन र ?*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'


निर्वाचन लोकतन्त्रको एक महत्वपूर्ण प्रक्रिया हो । जनताद्वारा आफ्नो प्रतिनिधि चुन्ने सबैभन्दा उत्तम प्रक्रियाको रूपमा यसलाई हेरिन्छ । आइतबार देशैभर एकैपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको छ । केही छिटफुट बाहेक अधिकांश ठाउँमा शान्तिपूर्णरूपमै निर्वाचन सम्पन्न भएको छ । यसलाई सकारात्मकरूपमा लिन सकिन्छ । तर, यसपटकको निर्वाचनमा मतदाताको भने त्यति धेरै आकर्षण देखिएन । निर्वाचन आयोगका अनुसार करिब ६० प्रतिशत मात्रै मत खसेको छ । ६० प्रतिशत मात्रै मत खस्नु व्यवस्था तथा राजनीतिक प्रणालीमाथिको प्रश्न पनि हो ।

राजनीतिक नेतृत्वमा सिद्धान्त, आर्दश, निष्ठा, विचार, भिजन र मिसन देखिन्न । यी सबै तत्व राजनीतिमा भइदिएको भए देशले खोजेको चुनावमार्फत् सुशासन पनि मौलाउँथ्यो होला अहिलेसम्म । सुकेनास सुशासनलाई सुगा रटेर हामीले देशको समृद्धि खोजेका छौं । तर, लोकतन्त्रको सुन्दरपक्ष पारदर्शीता, जिम्मेवारी, जवाफदेहिता अनि सबैको सहभागिता भएन देशमा । सजिलै भन्नुपर्दा हारेको मत संख्याभन्दा जितको मत संख्याले भनौं अल्पमतले बहुमतमा खेल्न पाउनु नै हाम्रा लागि लोकतन्त्र, गणतन्त्र, संघीयता भएको छ । देशको भूगोलभन्दा अतुलनीय संख्यामा राजनैतिक व्यक्तित्वहरुको रोजगारी पनि हाम्रो देशको सुन्दरपक्ष भएको छ । अन्यलाई बेरोजगारीको पीडा धेरै छ देशमा ।

देशमा के छ भनी विदेशीले सोध्यो भने जवाफमा भन्नुपर्छ, "मेरो देशमा नेता छन्, कार्यकर्ता छन्, केही विज्ञहरु पनि छन् तर, राजनीतिज्ञ छैनन् । व्यापारी, बुद्धिजीवि, कर्मचारी, उद्यमी, प्राध्यापक धेरै छन् तर, उनीहरु आफ्नो पेशा होइन राजनीतिलाई पेशा बनाउँछन् । यहाँ किसान छ, उब्जनी बढाउने मल छैन, यहाँ विदेशी ऋृण छ, उत्पादन छैन, व्यापारघाटा छ, प्रदूषण छ, वायुमण्डल सफा छैन, नदीहरु धेरै छन् खानेपानी छैन । विद्यालयहरु छन्, विद्या छैन, समाज छ, अनुशासन छैन, रोग छ, अस्पताल पनि छ, उपचार छैन, कोरोना छ, डिँगो छ, स्थानीय पालिकाहरु पनि बेजोड छन्, जनता भने निराश । हिमाल र प्राकृतिक छटाहरु धेरै छन् पर्यटक छैनन्, जल प्रशस्त भएर पनि बिजुली महँगो छ, भूमि पनि छ, तर अर्कैले मिचेको छ । संविधानले राष्ट्र जोगाउने जिम्मा नेपाली नागरिकको भनेको छ, उसको कर्तव्यमा उल्लेख छ, तर राष्ट्र प्रमुखका विषयमा मौन छ । नेताहरुले नीतिगत भ्रष्टाचार कति गरे सुनुवाइ हुने ठाउँ छैन । चुनावको मुखैमा साझा प्रतिबद्धताहरु जाहेर हुन्छन्, पद नमिलेपछि विछोड हुन्छ, प्रतिबद्धताहरु स्वतः निष्क्रिय हुन्छन् ।"

देशमा परिवर्तन पनि हुन्छ, व्यवस्था परिवर्तन तर, अवस्था उस्तै मात्र होइन नाजुक हुन्छ । करको मारले पिल्सिन्छन् नागरिकहरु, घर जग्गा बेचेर खाडी पुग्छन् वा केही हुनेहरु अन्य देशमा । गाउँ खाली हुन्छ, भएको उत्पादन बाढी र पहिरोले खाइदिन्छ, मौसम पूर्वानुमान प्रणाली झाराटराइको हुन्छ । विदेशमा पनि क्रान्ति हुन्छ तर, क्रान्तिकारीहरुले राजपाठ चलाउँदैनन् । जसले चलाएका छन् तिनले हजारौं होइन, लाखौं मानिस मारेका छन् । भत्काउन सीप चाहिँदैन, सामान्य दुई/चार जनाले एउटा घर दुई/तीन दिनमा भत्काउन सक्छन् तर, त्यही घर बनाउन सीप, दक्षता, प्राविधिक, योजना, पैसा, समय धेरै थरि चाहिन्छ ।

हाम्रो देशमा व्यवस्था परिवर्तन भयो, नेता गणेशमानको नेतृत्वमा । तर, परिवर्तनपछि उनले शासन हातमा लिएनन् । न विपिले नै हातमा लिए न कृष्णप्रसादले । सुराही र छाता लिएर बालुवाटार गए त्यही लिएर फर्के । तिनलाई थाहा थियो क्रान्तिकारीहरुले समाज परिवर्तन गर्न सक्छन् तर, तिनैले शासन सत्ता लिए भने देश जर्जर हुन्छ । कुशासन हुन्छ मात्रै होइन देश तानाशाहीमा जान्छ । तानशाहको अर्थ कुनै राजा, रजौटा वा श्री ३ नै हुनुपर्ने भन्ने होइन । श्री ३ हरुले पनि संविधानको अवधारणा कतिपय राम्रा संरचनाहरु दिएर गएको इतिहास छ । आजको जस्तो राजनैतिक जुहारी थिएन पहिले । पछिल्लो "पल्ट नो नट् अगेन" अभियानविरुद्ध बोल्न नपाइने आदेश जारी हुनु त्यसैको परिणाम हो, अदालतले अल्पकालीन आदेश जारी गरेको होला तर, प्रणालीको आफ्नो स्वभाव त झल्कायो नि ।



*चुनावी घोषणापत्रहरूलाई हात्तीको देखाउने दाँतभन्दा फरक भन्न पर्दैन । ३२ वर्षदेखि देखाइएको नाटक कति हेर्ने ? किन आएन मेलम्ची, किन आएन मेट्रो रेल र मोनो रेल, किन आएन पानी जहाज र घरघरमा ग्याँसको लाइन ? किन फोहोर उठाउन स्वतन्त्रले जित्नुपर्‍यो, अनि अहिले स्वतन्त्रहरूले आफ्नो चुनाव प्रसार गर्न पाइन भनेर किन रोइलो गर्दैछन् ?*

फोहोर गरेर सफा गर्नुभन्दा फोहोर नै नगर्नु उत्तम हुन्छ । चुनावी घोषणापत्रहरुलाई हात्तीको देखाउने भन्दा फरक भन्न पर्दैन । ३२ वर्षदेखि देखाइएको नाटक अब कति देखाउने, कति हेर्ने, किन आएन मेलम्ची, किन आएन मेट्रो रेल र मोनो रेल, किन आएन पानी जहाज र घरघरमा ग्याँसको लाइन ? किन फोहोर उठाउन स्वतन्त्रले जित्नु पर्‍यो, अनि अहिले स्वतन्त्रहरुले आफ्नो चुनाव प्रसार गर्न पाइन भनेर किन रोइलो गर्दैछन् ? किन "बिना ढेवुवा, फ्रि भिसा, फ्रि टिकेट"को चर्चा चल्छ ? किन स्वदेशमा राजनैतिक रोजगारी पाएजस्तै उद्योगधन्दा प्रसस्त खोलेर यहीं आम नेपालीलाई रोजगारी नदिने ? किन सरकारी अस्पताल र सरकारी विद्यालयहरुले गुणस्तरीय सेवा नदिने ? सबैभन्दा कम कार्वन उत्सर्जन गर्ने सानो देशमा खर्बौं रकम यसकै लागि ऋृण र अनुदान भन्दै जलवायु परिवर्तनका मुद्दामा भइरहेका बहसमा पैसा माग्ने ? सधैं विदेशीसामु घुँडा टेक्दै सहयोगको याचना गर्ने, आधापेट खाएर पनि आत्मनिर्भर किन नहुने, किन दास बन्दै रातरातमा संसदले घातक र दूरगामी सन्धि सम्झौता गर्ने ? असंलग्नताको सिद्धान्त मिचेर दुई छिमेकी मौन रहेका बखत युक्रेनतिर किन जोड्ने गाला, कसलाई देखाउन ?

कति छ व्यापारघाटा र विदेशी ऋृण कसले तिर्ने ? बजेटमा आयात प्रतिस्थापन गर्ने भनिन्छ तर, त्यसको कार्ययोजना, खाका खोइ त ? केही विदेशी सामान आयातमा रोक लगाउँदा स्वदेशीलाई भन्दा विदेशीलाई बढी चासो किन ? आफ्नै साला, साली, भाइ भतिजा, सासु, ससुरालाई मात्रै राजदूत, राजनैतिक नियुक्ति किन ? देश दल दलमा फसेको होइन र ? सुशासनको आदर्श र मापदण्ड केहो कसले खोजी गर्ने ? देशमा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानीय तहमा ठूलो संयन्त्र भइरहेका बखत केन्द्रमा सानो आकारको मन्त्रिपरिषद हुनुपर्नेमा किन नभएको, किन झ्याल झ्यालमा मन्त्रालयहरु ? किन यत्रो संख्यामा प्रदेश र सांसदहरु ? अनि केन्द्रमा सत्ता परिवर्तन हुनासाथ तल तल पनि स्वात्तै परिवर्तन किन ? हाम्रो सार्वजनिक प्रशासनले सुशासन र समृद्धिको नारा अलाप्दै गरे पनि यो खोक्रो सावित भएको छ । घर दैलो सेवा भन्दै पछिल्लो पटक संघीय स्वरूपको राजनैतिक प्रणालीको स्थापना भए पनि आम नागरिकहरुले शान्ति, सुशासन र विकासको सपनालाई केवल सपनामै राखेका छन् । अध्यादेशबाट सबै काम हुन्छ भने चुनाव किन ? पैसा जम्मा गर्नेहरुका लागि गतिलो बैंक बनेको छ राजनैतिक प्रणाली । चुनावका बाचाहरु ओझेलमा परेका छन् । किन अदालतमा हस्तक्षेप हुन्छ, तिनका योग्यताअनुसारको स्वतन्त्र नियुक्ति भएको हो भने लोकतन्त्रको मुहार स्वतन्त्र न्यायपालिकाको गरिमा स्थापित हुन्थ्यो । किन भत्कियो न्यायालय, अनि प्रधानन्यायाधीशलाई नै नजरबन्दको चर्चा आयो नि त बाहिर, किन गभर्नर अदालत जानु परेको, किन विचौलिया पसेर बजेटमा चलखेल हुन्छ, सुशासनमा यस्तो पनि हुन्छ र ? नेल्शन मण्डेला, गान्धी, लिक्वान यु, सि जिन पिँग, महाथिर, ओबामाहरुको नाम किन लिन्छ संसारले ?

शितल निवासमा विरोध गर्न नपुग्दै बाटैमा नागरिक अगुवाहरु अड्किन्छन् किन ? किन बालुवाटार डडेल्धुराका लागि चौबीसै घण्टा खुल्ला छ भनिन्छ र काठमाडौंकालाई भोटेताल्चा लाग्छ र तीन किमि टाढादेखि नै बन्दैज लगाइन्छ ? कति बस्छन् काठमाडौंमा मानिसहरु तर सिंहदरबार वा बालुवाटारमा कसले कतिपल्ट भेट पाए ? स्वतन्त्र विचार प्रवाह गर्ने पंक्तिकारले एकपल्ट पनि पाएको छैन र बाँचेका, मरेका अनगिन्तिलाई राष्ट्रिय ढुकुटीबाट सम्मान र पुरस्कार किन दिइन्छ ? के आधारले दिइन्छ ? औषधि उपचारमा कुन नेताका लागि कति बाँडिन्छ र यसै दसैँको पूर्व सन्ध्यामा पनि कति करोड राज्य ढुकुटी बाँडियो ? जनताको करले जम्मा भएको ढुकुटी यसरी वितरण गर्दा जनता हर्षमा हुन्छन् कि शोकमा, कहाँ पाए तिनले सिटामोल ? युवाहरुलाई नै कोरोना र डिँगोले स्वर्ग पुर्‍यायो, खोइ तिनको खोजी ? किन वृद्धहरु तड्पिएका छन्, कसैलाई ६० वर्षमै वृद्धभत्ता, कसैलाई बल्ल तल्ल ६८ मा, विभेद भएन र ? अनि आफैंले बोलेको मासिक ५ हजार चुनावी प्रतिबद्धता कता गयो त, कतिपल्ट झुक्किने मतदाताहरु, अनगिन्तीछन् प्रश्नहरु ।

महँगा गाडी, मोटर साइकल, हेलिकप्टर, महँगो जीवनशैली नै संघीयता र लोकतन्त्र अनि गणतन्त्रको सुन्दरपक्ष हो र ? देश दुख्दैन यसो गर्दा ? देशको निर्वाचन प्रणाली धेरै महँगो भएकै कारण भ्रष्टाचार मौलाएको होइन र ? सुशासनको प्रत्याभूति दिने मनसायको संघीय निजामती सेवा विधेयक किन आएन ? सार्वजनिक प्रशासन किन चुस्त, छरितो, भएन र सेवाग्राही सधैं किन निराश ? राष्ट्रसेवक कर्मचारीहरुलाई कामप्रति सजग गराउन, सेवाभावप्रति उत्तरदायी बनाउन, समयमै काम सम्पन्न गराउन, उत्कृष्ट नतिजा भनौं सेवाको परिणाम दिन जिम्मेवारी बहन गराउन, कार्यसंस्कृतिको विकास गराउन किन प्रयास भएन त ? अब कहिले हुने त ? हुने विरुवाको चिल्लो पात हुन्छ होइन र ?

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

मतदान किन कम भनेर धेरै सोच्नै पर्दैन । चार वटा प्रष्ट देखिने कारण छन्– १. विदेशमा रहेका मतदाता, २. अपायक ठाउँमा रहेका मतदाता, ३. चुनावको दिन यातायात बन्द गर्ने प्रचलन, ४. विगत पाँच वर्षका नेता र दलहरूका हर्कत र जनवितृष्णा । निर्वाचन प्रणाली र राजनीतिक संस्कार नबदल्ने यो प्रवृति झनै बढ्ने छ ।



**- सुर्यराज आचार्य**

देश बनाउने भन्ने एजेण्डा त अलि परै धकेलिएको छ । मैदानका कुनै पनि पात्रबाट खासै सम्भावना देखिन्न । तत्कालका लागि देश 'बिगार्ने' या 'बिगार्न सक्ने' मध्येका केहीलाई मात्र दण्डित गर्न सक्दा निकै राम्रो सन्देश जान्थ्यो । हेरम् के हुन्छ ?



**- विनोद न्यौपाने**

मुलुकको राजनीतिक ढाँचा पूर्णतया जनताले नकारेको देखिन्छ । दलका नेताहरूको घैँटोमा घाम लाग्यो कि लागेन ? यसरी नै लोकतन्त्रका नाममा कहिलेसम्म घिच्याउने ? पार्टी नेतृत्व प्लेनका टायर चढ्ने दिन आउने देख्यो भैरेले ! सत्य, तितो होला ढाटहरूलाई !



**- उत्तमबाबु श्रेष्ठ**

गठबन्धनमा भएका पार्टी कांग्रेस, माओवादी र समाजवादी केन्द्रको भोट एकअर्कातिर साटफेर हुँदाको अवस्था गाग्रीमा खोलाको पानी एकै पटक हाल्दा जस्तो हुन्छ र गाग्रीमा धाराको पानी हाल्दा जस्तो हुन्छ । त्यस्तै, होला जस्तो भयो जस्तो लाग्छ । के छ तपाईंहरूको क्षेत्रको अनुभव ?



**- केदार सुवेदी**

माओवादी शान्ति प्रक्रियामा आउँदा एमाले र कांग्रेसलगायतका शक्तिहरू एउटै कित्तामा रहन बाध्य भए जस्तै घण्टीले फेरि इतिहास दोहोर्‍याइदिने त होइन ? नयाँले भाग खान आँटे भने पुरानाहरू एउटै कित्तामा उभिने त संसारकै रोग हो !

# शिक्षामा राजनीतिको प्रभाव

विचार



● अस्मिता बम

चुनावले यस पटक मात्रै होइन हरेक पटक देशलाई नै फरक दिशामा धकेलिरहेकै हुन्छ । निर्वाचनको माहोल नै यस्तो छ कि, मानिस आफ्नो सारा काम छोडेर पनि यसकै पछि दौडिन्छ । पत्रपत्रिका, टेलिभिजन, अनलाइन सबैतिर यसकै चर्चा चलिरहेको हुन्छ । बालबच्चा, बृद्धा कोही अन्जान हुँदैनन् राजनीतिबाट । यी त समाजका कुरा भए, राजनीतिले सबैभन्दा बढी प्रभाव शिक्षामा पारेको छ । कोभिड-१९ यता नेपालको शैक्षिक क्षेत्र उसै पनि पछि परेको छ । समयमा परिक्षाफल प्रकाशित भएको छैन । विद्यार्थीले एउटै कक्षामा दुई/तिन वर्ष बिताइरहेका छन् । यसबीच चुनावले थप भद्रगोल भएको छ । तर, शिक्षा मन्त्रालयको ध्यान कता छ ? केही बुझ्न सकिएको छैन ।

प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनले त झन् शैक्षिक संस्थाहरुलाई नराम्रोसँग प्रभावित बनाएको छ । निर्वाचनको घोषणा भएदेखि नै शैक्षिक संस्थाहरुमा भद्रगोल मच्चिन सुरूवात भएको थियो । शिक्षक मात्रै पनि होइन, विद्यार्थीहरु पनि चुनावी अभियानमा देखिएका थिए । प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि एक महिना अघिबाट नै त्रिभुवन विश्वविद्यालयले (मंसिर १ बाट ५ गतेसम्म) हुनेगरी बिदा सम्बन्धी सूचना प्रकाशित गरेको थियो । अन्य विद्यालयहरु पनि चुनावी अभियानको कारण प्रभावित भएका छन् । समाजकै लागि उम्मेदारी दिएको हो भन्नेहरुले सत्तामा पुग्नासाथ समाज बिर्सिन्छन् । एक दिनको चुनावले देशलाई महिनौ पछि धकेलेको ध्यान राख्दैनन् ।

*कोभिड-१९ यता नेपालको शैक्षिक क्षेत्र उसै पनि पछि परेको छ । समयमा परिक्षाफल प्रकाशित भएको छैन । विद्यार्थीले एउटै कक्षामा दुई/तिन वर्ष बिताइरहेका छन् । यसबीच चुनावले थप भद्रगोल बनाएको छ । तर, यसप्रति सरोकारवाला कसैको ध्यान पुगेको छैन । राजनीतिले ग्रसित शिक्षा क्षेत्रको भविष्य के होला ? थप अन्योल छ ।*

उम्मेदवारहरुले यसअघिका सांसद, मन्त्रीहरुबाट केही सिक्न आवश्यक थियो । उनीहरुले गर्न नसकेका कामलाई ध्यान दिन आवश्यक थियो । कति योजना, के-कसरी सम्पन्न भए ? किन योजनाहरुले पूर्णता पाउन सकेनन् ? योजनामा नाममा कति र कसरी भ्रष्टाचार भए ? यस्ता कुराप्रति उम्मेदवारहरुले हेक्का राख्न आवश्यक थियो । परिवर्तनको भाषण मात्रै होइन, व्यवहारमा देखाउन पनि उल्लेखित विषयलाई ध्यान दिन आवश्यक थियो । अहिले नेपाल भ्रष्टाचारबाट मुक्त हुनुपर्नेमा बढेर ११७औं स्थानमा पुगेको छ । यसविरुद्ध आवाज उठाउने र भ्रष्टाचारीको खोजि गरेर सजाय दिने नयाँ उम्मेदारहरुको कर्तव्य हो । भ्रष्टाचारमा शून्य सहनशीलता अहिलेको आवश्यकता हो ।

विश्वका अधिकांश देशमा एक दिनमा मतदान र दुई दिनमा मतगणना सकिन्छ । सम्बन्धित मन्त्रालयका मन्त्रीहरु समय खेर नफाली आफ्नो कार्यमा व्यस्त हुन थाल्छन् । नयाँ किसिमले नयाँ एजेण्डा बनाउन तिर लाग्छन् । कसैले नगरेको कार्य कसरी गर्ने भन्नेबारे चिन्तन गर्छन् र देश विकासमा खटिन्छन् । त्यस कारण त्यहाँको विकासले गति लिन्छ । तर, नेपालमा सुरक्षित तरिकाले छोटो समयमै चुनाव सकिएको रेकर्ड नै छैन । मतदानको मितिभन्दा महिनौं अगाडिबाटै जनता नै ठाउँ-ठाउँमा भेला भएर अनावश्यक छलफल गर्न थाल्छन् । दलका नेता तथा कार्यकर्ता कसरी विपक्षीलाई गिराउने भनेर लाग्छन् । विपक्षीसँग सिद्धान्त मिलेन, विचार मिलेन भन्दै झै-झगडा आतंक गर्न थाल्छन् । उम्मेदारहरुका साधनहरु तोडफोड, उम्मेदवारहरुमाथि ढुङ्गा प्रहार जस्ता अनैतिक कार्य त भई नै रहन्छन् । जसमा सुरक्षा निकाय पनि कमजोर परेको देखिन्छ ।

नेपालमा चुनाव आउँछ, मतदान सकिन्छ, मतगणना पनि सकिन्छ । महिनौंसम्म जित्नेले उत्सव मनाउछन् त हार्नेले शोक । यस्तै क्रियाकलापबाट समाजका अन्य पक्षमा कति असर परिरहेको छ कस्ले बुझ्ने ? राजनीति देशलाई चलाउने एउटा मुख्य नियम हो, नीति हो । त्यही नियमको सदुपयोग नभए देशको गति के होला ? त्यसैले राजनीतिक दलहरुले आफ्नो व्यक्तिगत स्वार्थलाई बिर्सेर देशमा शान्ति सिर्जना गर्न सक्नुपर्छ । दूर-दराजमा रहेका क्षेत्रमा पूर्वाधारको बृद्धि-विकास गराउन आवश्यक छ । युवा लक्षित कार्यक्रम आयोजना गरिनुपर्छ । शिक्षालाई विकासको प्रमुख आधार मानिने हुँदा यसलाई कसरी गुणस्तरीय बनाउन सकिन्छ भन्ने कुरामा सरकारको ध्यानाकर्षण हुन अति आवश्यक छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# जलवायु सम्मेलन : क्षतिपूर्ति कोष स्थापना




**काठमाडौं/एजेन्सी–** गत कात्तिक २० गतेदेखि शुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन हरितगृह ग्यास उत्सर्जन घटाउन असफल भएपनि उत्सर्जनका कारण प्रभावित निर्धन राष्ट्रलाई क्षतिपूर्ति उपलब्ध गराउने कोष स्थापना गर्न सफल भएको छ।

नवस्थापित कोषलाई गरिब राष्ट्रहरूले आफ्नो जितका रूपमा लिएका छन्। कोषबाट बाढी, खडेरी, आँधीलगायत जलवायुजन्य क्षतिको शिकार बनेका देशलाई सहायतास्वरुप रकम भुक्तानी हुनेछ। साना टापु राष्ट्र समुद्री सतह बढेका कारण जलवायु परिवर्तनको चरम चपेटामा परेका छन्।


संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरशले उक्त सम्झौतालाई 'अति आवश्यक राजनीतिक संकेत' भनेका छन्। तर उनले 'त्यो स्पष्ट रूपमा नै पर्याप्त नभएको' भन्दै सावधान पनि गराएका छन्।

कोष स्थापनापछि टुभालुका अर्थमन्त्री सेभ पेनिउले तीन दशक लामो संघर्षपछि विश्वका करोडौँ मानिसलाई न्याय मिलेको तथा क्षति सम्बोधनमाा मद्दत पुगेको बताएका छन् भने पाकिस्तानका वातावरणमन्त्री शेरी रहमानले कोष दान दिने परोपकरी निकाय नभएको टिप्पणी गरेका छन्।

त्यसअघि सम्मेलनमा उपस्थित सबै देशका प्रतिनिधिले कोष स्थापनासम्बन्धी प्रस्ताव पारित भएपछि त्यसको स्वागत गरेका थिए। कोष स्थापनाका निम्ति दिनभर प्रतिनिधिहरूबीच माथापच्ची भएको थियो। कोष स्थापनासँगै संयुक्त राज्य अमेरिका, चीन, भारत, युरोपेली संघमा आवद्ध औद्योगिक राष्ट्र र समूहले क्षतिपूर्ति रकम कोषमा जम्मा गर्नुपर्नेछ।

नयाँ कोष सम्झौता पेरिस पछि जलवायुमा सबैभन्दा ठूलो जितको रूपमा देख्न सकिन्छ। हानि र क्षति कोषको स्थापना पैसा वा क्षतिपूर्ति वा क्षतिपूर्ति भन्दा धेरै कुरा हो, यो वास्तव मा एकता र पुनर्निर्माण विश्वास को बारेमा छ। बढ्दो तापक्रमले विश्वमा पार्ने नाटकीय प्रभावहरूको बावजुद, यो कोषले कोही पनि पछि नहट्ने संकेत गर्छ।

# युद्धको निन्दा गर्दै खुला व्यापार प्रवर्द्धनमा एपेक नेतृत्वको जोड




**काठमाडौं/एजेन्सी–** एशिया-प्रशान्त क्षेत्रका नेताहरूले युक्रेन युद्ध अन्त्यको आह्वान गर्दै यस क्षेत्रको दिगो आर्थिक उन्नयन तथा खुला व्यापार प्रवर्द्धनका निम्ति काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक) का प्रमुख कार्यकारी अधिकृतहरूको शिखर सम्मेलन समापनका अवसरमा सम्मेलन आयोजक देश थाइल्याण्डले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गरेको जनाएको छ। एक्काइस सदस्यीय एपेकका सदस्य चीन र रुस पनि हुन्। यद्यपि चीनले रुसी आक्रमणको आलोचना गरेको छैन।

शिखर सम्मेलन समाप्तिपछि जारी घोषणापत्रमा युद्धका बारेमा एपेक नेतृत्वको मत बाझिएको छ। एपेकले आर्थिक सम्बन्ध विस्तार र व्यापार प्रवर्द्धनलाई नै जोड दिएको तथा एपेक द्वन्द्व समाधानको मञ्च नभएको जनाइएको छ। मञ्चले युद्ध र द्वन्द्वबाट आर्थिक विकासका मार्गमा अकल्पनीय परिणाम ल्याउन सक्नेतर्फ सचेत गराएको छ।

एपेकका अधिकांश सदस्यले युक्रेनमाथि भएको आक्रमणको कडा शव्दमा निन्दा गरेका थिए। युक्रेन युद्धले ठूलो मानवीय पीडा निम्त्याएको, विश्व बजारमा महँगी बढेको, आपूर्ति शृङ्खलामा समस्या उत्पन्न भएको, खाद्य असुरक्षा र वित्तीय जोखिम निम्त्याएकामा गम्भीर चिन्ता व्यक्त गरेका थिए।

यसअघि इन्डोनेसियाको बालीमा भएको विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीले पनि संयुक्त राष्ट्रसंघीय महासभाले प्रस्तुत गरेको प्रस्तावप्रति समर्थन जनाउँदै युक्रेनविरुद्ध रुसले गरेको आक्रमणको निन्दा गरेको थियो। उक्त अन्तरसरकारी समूहले युक्रेनी भूभाग रुसले विनाशर्त फिर्ता गर्नुपर्नेमा जोड दिएको थियो।

सम्मेलन समापनका क्रममा दक्षिणपूर्वी एशियाली देशमा भएका घटनाको समीक्षा पनि भएको थियो। कोभिड-१९ को महामारीका कारण दुई वर्षसम्म आमनेसामने वार्ताको अवसर नपाएका नेताले 'साइड लाइन' वार्तामा क्षेत्रीय र अन्तर्राष्ट्रिय चासोका विविध विषयमा विचारविमर्श गरेका थिए।

शिखर सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै चीनका राष्ट्रपति सी चिनफिङले खुला व्यापार र लगानीका निम्ति आह्वान गरेका थिए। उनले बहुपक्षीयतालाई वास्तविक रुपमा कायम राख्नुपर्ने, बहुपक्षीय व्यापार प्रणालीको रक्षा गर्नुपर्ने, विधिमा आधारित बहुपक्षीय व्यापार प्रणालीको संरक्षण गर्न तथा विश्वव्यापी औद्योगिक एवं आपूर्ति शृंखलालाई सुरक्षित एवम् स्थिर राख्न साझा प्रयास हुनुपर्नेमा विशेष जोड दिएका थिए।

# अमेरिकाको नाइटक्लबमा गोली चल्दा ५ को मृत्यु



**काठमाडौं/एजेन्सी–** अमेरिकाको कोलोराडो राज्यमा एक समलिङ्गी नाइटक्लबमा शनिबार राति गोलीबारी हुँदा पाँच जनाको हत्या भएको छ। क्लब क्यु नामक उक्त नाइट क्लबमा भएको गोलीबारीमा अन्य १८ जना घाइते भएका छन्।

राति ११:५७ मिनेटमा आपतकालिन नम्बर ९११ मा कयौं फोन आएपछि प्रहरी घटनास्थल पुगेको कोलोराडो स्प्रिङकाका प्रहरी लेफ्टिनेन्ट पामेला क्यास्ट्रोले बताइन्।

'प्रहरीले एक जना संदिग्ध व्यक्तिलाई पक्राउ गरेर सोधपुछ गरिरहेको छ,' क्यास्ट्रोले भनिन्। प्रहरीले आक्रमणको सम्भावित कारणबारे केही बताउन अस्वीकार गरेको छ। साथै गोलीबारी कसरी समाप्त भयो भन्ने विवरण पनि प्रहरीले सार्वजनिक गर्न बाँकी नै छ।

कोलोराडो स्प्रिंगसका अग्निनियन्त्रक निकायका क्याप्टेन माइक स्माल्डिनोले घटनास्थलबाट कयौं फोन आएपछि ११ एम्बुलेन्स घटनास्थल पुगेको जानकारी दिए। सामाजिक सञ्जालमा एक विज्ञप्तिमा, क्लब क्यूले 'हाम्रो समुदायमा भएको मूर्खतापूर्ण आक्रमणबाट स्तब्ध भएको' बताए। साथै क्लबले पीडित र उनीहरूका परिवारप्रति समवेदना प्रकट गरेको छ।

# दक्षिण सुडानको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो



**काठमाडौं/एजेन्सी–** दक्षिण सुडानमा जारी रहेको हिंसाप्रति संयुक्त राष्ट्रसंघले चासो व्यक्त गरेको छ। संयुक्त राष्ट्रसंघले दक्षिण सुडानको अपर नाइल राज्यमा सुरु भएको पछिल्लो हिंसा निकै चिन्ताजनक रहेको भन्दै त्यसप्रति चासो व्यक्त गरेको हो।

अपर नाइलको फासोदा जिल्लामा यहाँका सिलक सशस्त्र समूह र नुइर विद्रोही समूहका बीचमा केही दिन यतादेखि हिंसा शुरु भएको बताइएको छ। संयुक्त राष्ट्रसंघले सो हिंसाका कारण यस क्षेत्रको वरपरका नगरहरुमा पनि असर गरेको त्यहाँका नागरिकहरु घर छोडेर भाग्ने क्रम बढ्दै गएकाले सो हिंसा रोक्न सबै पक्षका आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको जनाएको छ।

गएको अगष्ट महिनामा यहाँका स्थानीय कैयौँ हिंसात्मक समूहहरुका कारण ठूलो संख्याका मानिसहरु पनि विस्थापित हुन पुगेका भन्दै यसबाट यहाँका नागरिकमा त्रास बढेको बताइएको छ।

संयुक्त राष्ट्रसंघले सो हिंसामा परेर यहाँका सयौँ मानिस मारिएका छन् भने हजारौं जना विस्थापित भएका छन्। विस्थापित व्यक्तिहरुको बसोबासको अवस्था नरहेको र उनीहरु देशभित्रै शरणार्थी बनिरहेकाले हिंसा रोक्नेतर्फ पहल हुनुपर्ने बताएको छ।

दक्षिण सुडानी सुरक्षा निकायहरुले यहाँको हिंसा रोक्ने प्रयत्न गरेका भए पनि धेरै युवाहरुको संलग्नता विद्रोही समूहहरुमा रहेका र उनीहरुले निकै क्रुर हिंसामा संलग्न हुदै गएकाले समस्या उत्पन्न भएको संयुक्त राष्ट्रसंघले जनाएको छ।

दक्षिणी सुडानमा रहेको संयुक्त राष्ट्रसंघीय मिसनले यहाँको हिंसाको अन्त्यका लागि सबैसँग आग्रह गरेको हो। ती विद्रोही समूहहरुलाई हिंसात्मक आक्रमणको काम तत्काले रोकेर शान्तिपूर्ण वार्ताका माध्यमबाट सबै समस्याको समाधान गर्न आग्रह गरेको हो।

# शरणार्थीलाई विदेश भ्रमणको अधिकार



**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियाले हजारौं शरणार्थीलाई विदेश भ्रमणको अधिकार दिने घोषणा गरेको छ। अष्ट्रेलियाका अध्यागमन मन्त्री एन्ड्र्यु गिल्सले शरणार्थीलाई विदेश यात्रा गर्न र देश फर्कन अनुमति दिने घोषणा गरेका हुन्।

मन्त्री गिल्सका अनुसार संघीय सरकारले जुलाई २०१३ अघि डुङ्गाबाट अष्ट्रेलिया आएका शरणार्थीलाई पारिवारिक पुनर्मिलन प्रवेशाज्ञाका निम्ति अनुमति दिइनेछ। आवश्यकताअनुसार अध्यागमनसम्बन्धी कानुन पनि संशोधन गरिने छ।

सरकारको चुनावी वाचा पूरा गर्ने प्रतिबद्धताअनुरुप सन् २०१३ भन्दा पहिले अस्थायी सुरक्षा प्रवेशाज्ञा र सुरक्षित उद्यम प्रवेशाज्ञामा देशमा बसोबास गरेका १९ हजारभन्दा बढी शरणार्थीलाई स्थायी सुरक्षा प्रवेशाज्ञामा रूपान्तरण गरिनेछ। सरकारले स्थायी प्रवेशाज्ञा पाएकाहरूका लागि पारिवारिक पुनर्मिलनका निम्ति कानुन सुधार गर्दै त्यसलाई सहज बनाइनेछ।

नयाँ प्रावधानबाट एक दशकभन्दा बढी समयदेखि परिवारबाट अलग भएकाहरू लाभान्वित हुने अपेक्षा गरिएको छ भने त्यसबाट शरणार्थीहरूलाई तेस्रो देशमा पनि यात्रा गर्न सरल र सहज हुनेछ। अष्ट्रेलिया सरकारले शरणार्थीहरूलाई न्यूजिल्याण्ड, क्यानडा र संयुक्त राज्य अमेरिकामा बसोबास गराउने विकल्प खोजिरहेको छ।

# इरानमा बालबालिकाको मृत्युप्रति युनिसेफको चिन्ता



**काठमाडौं/एजेन्सी–** इरानमा जारी विरोध प्रदर्शनका क्रममा बालबालिकाको मृत्यु भएको विषयलाई लिएर संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)ले गम्भीर चिन्ता व्यक्त गरेको छ।

इरानमा जारी विरोधक्रममा ५० जना बालबालिकाले ज्यान गुमाएका युनिसेफद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। इरानमा दुई महिनाभन्दा बढी समयदेखि जारी अशान्तिप्रति युनिसेफ, एम्नेस्टी इन्टरनेशनल र अन्य मानवअधिकारवादी संघसंस्थाले बालबालिकाविरुद्धको अपराध र मानवअधिकार उल्लंघनमा कारबाही गर्न माग गरेका छन्।

इरानमा बालबालिकाको हत्या भएको, विभिन्न घटनामा उनीहरू घाइते भएका तथा कुनै गम्भीर कसुरमा दोषी नहुँदा पनि हिरासतमा लिइएकामा युनिसेफ गहिरो चिन्ता व्यक्त गरेको छ। गत बुधवार सात जना बालबालिका मारिएका थिए। मारिनेमा एक जना १० वर्षका बालक रहेका बताइएको छ।

आफ्ना मातापितासँग कारमा यात्रा गरिरहेको ती बालकको गोली हानी हत्या गरिएको थियो। उनका बुबा गोली लागेर घाइते भएका उनकी आमाले सञ्चार माध्यमलाई बताएकी जनाइएको छ। इरानी मानव अधिकार समूहकाअनुसार प्रदर्शन शुरु भएदेखि कम्तीमा तीन सय ७८ जना मारिएका छन्।

# इटालीका महिला सांसदलाई संसदमा स्तनपानको अनुमति

**काठमाडौं/एजेन्सी–** इटालीका महिला सांसदलाई संसद् वहसका क्रममा आफ्ना शिशुलाई स्तनपान गर्ने अनुमति दिइएको छ। चेम्बर अफ डेपुटिजको नियम बनाउने समितिले यस्तो जानकारी दिएको हो।

स्तनपान गराउने चेम्बर अफ डिपुटिजका सदस्यलाई संसदको शीर्ष पंक्तिमा वा आरक्षित ग्यालरीमा बस्न अनुमति दिइनेछ। तर, महिला सांसदले बच्चा जन्मिएको एक वर्षसम्म मात्र चेम्बरमा स्तनपान गराउन पाउनेछन्। अहिले स्तनपान गराउने छुट्टै कोठामा जानुपर्ने बाध्यता छ।

नयाँ अभ्यासले इटालीको लोकतन्त्रको सबैभन्दा बलियो उदाहरण पेस गर्ने फाइभ स्टार मुमभेन्ट (एमएस५) का सांसद गिल्डा स्पोर्टिएलो बताइन्। उनले भनिन्, 'हरेक महिलाले आफूले चाहेको स्थानमा स्तनपान गराउन पाउनुपर्छ,' उनले भनिन्।

अक्टोबरको अन्त्यमा प्रधानमन्त्री बनेकी जर्जिया मेलोनीले सन् २०१९ मा जन्मदरमा गिरावटबाट गुज्रिरहेको इटालीमा 'युवा आमा'लाई काममा सजिलो पार्न संसद्मा स्तनपानलाई अनुमति दिने बताएकी थिइन्। सिनेटमा फोर्जा इटालिया समूहकी नेतृ लिसिअ रोन्जुलीले पनि यो सुधारको स्वागत गरेकी छिन्। युवा सांसदको रूपमा उनले युरोपेली एसेम्ब्लीमा स्तनपान गराउदा उनी चर्चामा आएकी थिइन्।

# वासिङ्टनमा विमान दुर्घटना, ४ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** अमेरिकी राज्य वासिङ्टनको स्नोहोमिश काउन्टीस्थित हार्भे फिल्ड एयरपोर्टको नजिक दुर्घटना हुँदा शुक्रबार चार जनाको मृत्यु भएको छ। सेस्ना २०८ बी विमान रेन्टनबाट उडेको करिब एक घण्टापछि दुर्घटना भएको हो।

शनिबार बिहान स्नोहोमिश काउन्टी शेरिफको कार्यालयले विमानमा सवार सबै चार जनाको मृत्यु भएको पुष्टि गरेको छ। स्नोहोमिश काउन्टी मेडिकल परीक्षकले पीडितहरूको पहिचान गरिरहेको छ। साथै यस दुर्घटनाको राष्ट्रिय यातायात सुरक्षा बोर्ड र संघीय उड्डयन प्रशासन द्वारा अनुसन्धान जारी छ।

फेडरल एभिएसन एडमिनिस्ट्रेशन वेबसाइटका अनुसार आइडेन्टिफायर टेल नम्बर एन २०६९ बी भएको दुर्घटनाग्रस्त विमान अलास्काको कपर माउन्टेन एभिएसनको स्वामित्वमा रहेको बताइएको छ।

# ट्वीटरमा ट्रम्पको पुनरागमन



**काठमाडौं/एजेन्सी–** अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीटरमा पुनरागमन गरेका छन्। ट्वीटरले उनको निलम्बित अकाउन्टलाई पुनर्बहाली गरेको हो।

ट्वीटरका नयाँ प्रमुख एलन मस्कले यसअघि डोनाल्ड ट्रम्पका बारेमा जनमत सर्वेक्षण गरेका थिए। यस क्रममा युजर्सहरुसँग ट्वीटरमा ट्रम्पको पुनरागमन हुनु पर्छ कि पर्दैन भन्ने सोधिएको थियो।

सर्वेक्षणमा लगभग ५२ प्रतिशत अर्थात् १५ मिलियन युजर्सले ट्रम्पको पुनरागमनको पक्षमा मत दिएका थिए। एलन मस्कले तिनै मतदाताको भावनालाई सम्मान गर्दै ट्वीटरमा ट्रम्पलाई फेरि स्थान दिएका हुन्। यद्यपि ट्रम्पले आफूलाई ट्वीटरमा फर्कन कुनै रुची नभएको बताएका छन्। विकल्पका रुपमा उनले आफ्नै सोशल मिडिया प्लेटफर्ममा बस्न रुचाएको जनाएका छन्।

ट्रम्पलाई गत वर्ष जनवरीमा वासिंटनको क्यापिटल बिल्डिङमा भएको हमलालाई मध्यनजर गर्दै ट्वीटरबाट उनको अकाउन्ट निलम्बन गरिएको थियो। त्यसपछि ट्रम्पले एक निजी सोशल मिडिया प्लेटफर्म 'ट्रुथ सोशल' लञ्च गरेका थिए।

# सोमाली सेनाद्वारा आक्रमणलाई असफल

**काठमाडौं/एजेन्सी–** सोमाली राष्ट्रिय सेना (एसएनए) ले शनिबार बिहान राजधानी मोगादिसुमा भएको आक्रमणलाई असफल बनाएको छ। राजधानीको दलजिर्का दाहसुन क्षेत्रनजिकै एक नागरिकको स्वामित्वमा रहेको गाडीमा जोडिएका दुईवटा विस्फोट पर्दाथलाई सेनाले नियन्त्रणमा लिएका सोमाली प्रहरीबलका प्रवक्ता सादिक दुदिशेले जानकारी दिएका छन्।

विष्फोटक पदार्थलाई सुरक्षित रुपमा निष्क्रिय पारेर आक्रमणलाई असफल पारेको दुदिसेले बताएका छन्। यस अवस्थामा कोही घाइते नभएका पनि उनले मोगादिसुमा जारी विज्ञप्तिमा जानकारी दिएका छन्। सुरक्षाबलहरुले हताहत हुनबाट बच्नका लागि व्यापार गतिविधि र सार्वजनिक सडक बन्द गरेका जनाइएको छ।

# बक्स अफिस समाचार

### कलाकारहरुले पनि गरे मतदान

# पाँच वर्षपछि उम्मेदवार बन्ने योजनामा यी कलाकार



**काठमाडौं/मस-** आइतबार देशभर प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि मतदान भएको छ। निर्वाचनमा सर्वसाधारण मात्र होइन, कलाकारहरुले पनि आफ्नो क्षेत्रमा तोकिएको मतदान केन्द्रबाट मतदान गरेका छन्। हास्य कलाकार तथा अभिनेता दीपकराज गिरीले चन्द्रागिरि नगरपालिका-१, दहचोक मतदान केन्द्रबाट मतदान गरेका छन्। उनले यस अगाडि पनि त्यहीँबाट मतदान गर्दै आएका हुन्।

अभिनेता राजेश हमालले काठमाडौं लैनचौरस्थित कन्या हाइस्कुल मतदान केन्द्रबाट मतदान गरेका छन्। उनले गत स्थानीय निर्वाचनमा पनि त्यहीँबाट मतदान गरेका थिए। अभिनेता भुवन केसीले भीमसेनगोला केन्द्रमा मतदान गरेका छन्। गत स्थानीय निर्वाचनमा पनि त्यहीँबाट उनले मतदान गरेका थिए।

यस्तै अभिनेता तथा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले भविष्यमा कुनै दलले उम्मेदवार बन्ने मौका दिए पछि नहट्ने बताएका छन्। मतदान गरेपछि केसीले आफ्नो रुचि राजनीतिमै भएकाले अर्को चुनावमा मौका पाए उम्मेदवार बन्ने बताएका हुन्।

अहिलेको चुनावले परिवर्तनको संकेत गरेको भन्दै उनले नेपाली कला, संस्कृति र फिल्मको प्रवर्द्धनका लागि कलाकार उम्मेदवार विजयी हुनुपर्ने धारणा राखे। उनले चुनावमा उम्मेदवार बनेका कलाकारलाई जितको शुभकामना समेत दिए।

कलाकार निर्मल शर्मा 'गैडा'ले काठमाडौं महानगरपालिका-७ सिफलस्थित हिमालय विद्यामन्दिर केन्द्रबाट मतदान गरेका छन्। अभिनेता मनोज गजुरेलले सूर्यविनायक-२, बालकोटको बालबिनायक मतदान केन्द्रबाट मतदान गरेका छन्।

यस्तै अभिनेत्री करिस्मा मानन्धर काठमाडौं क्षेत्र नम्बर ५ लाजिमपाट मतदान केन्द्रबाट मतदान गरेकी छन्।

**पाँच वर्षपछि उम्मेदवार बन्ने योजना**

अभिनेता राजेश हमालले अबको पाँच वर्षमा हुने निर्वाचनमा आफू उम्मेदवार बन्ने घोषणा गरेका छन्। भोट खसालेपछि उनले अब राजनीतिमा सक्रिय हुने बताएका हुन्।

उनले सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै भने, 'अबको पाँच वर्षमा हुने निर्वाचनमा मलाई पनि उम्मेदवारको रुपमा देख्न पाउनुहुनेछ।' उनले कुन तहको निर्वाचन, कुन राजनीतिक दल र कहाँबाट उम्मेदवार बन्ने भन्ने निधो नभइसकेको बताए। यसपालिको चुनावले नेपालको राजनीतिमा ठूलो परिवर्तन आउने उनको विश्वास छ। आफूले पनि परिवर्तनको पक्षमा मतदान गरेको उनको भनाइ छ।

गत स्थानीय निर्वाचनमा पनि हमालले आगामी निर्वाचनमा आफू कुनै भूमिकामा देखिन सक्ने संकेत गरेका थिए। उनलाई विभिन्न पार्टीले हरेक निर्वाचनमा उम्मेदवारको प्रस्ताव राख्ने गरेका छन्। तर, अहिलेसम्म उनी कुनै राजनीतिक दलप्रति खुलेका छैनन्। केपी शर्मा ओलीसँग निकै नजिक मानिने हमाल बेला बखतमा विभिन्न राजनीतिक दलका नेताहरुसँग भेटघाट गरिरहेका हुन्छन्।

यस्तै कलाकार निर्मल शर्माले पनि अब आफू सक्रिय राजनीतिमा लाग्ने बताए। 'अब सक्रिय राजनीतिमै लाग्नेछु,' उनले भने, 'पाँच वर्षमा चुनाव उठ्ने गरी आवश्यक तयारीमा लाग्छु।' उनले कुन दलबाट राजनीतिमा लाग्ने भन्ने कुरा भने खुलाएनन्।

फिल्म निर्माता समेत रहेका शर्मा सामाजिक तथा राजनीतिक मुद्दा आफ्नो धारणा व्यक्त गरिरहने सेलिब्रिटीमा पर्छन्।

त्यस्तै निर्माता तथा अभिनेता दीपकराज गिरीले भविष्यमा राजनीतिमा आउनु परे फिल्म क्षेत्र नै छाडेर लाग्ने बताए। उनले आफूले राजनीतिक र सामाजिक मुद्दामा बोलिरहेको बताए। तर अहिले भने आफू अर्धमौन अवस्थामा रहेको दीपकले बताए।

'राजनीतिक विषयमा बोलिरहेको छु, अहिले अर्धमौन छु। सदनमा युवापुस्ता पुग्नुपर्छ भन्ने मेरो मान्यता हो,' दीपकले भने। उनले आफू कुनै एक व्यक्तिको पक्षमा भन्दा पनि परिवर्तनकारी विचार समूहलाई समर्थन गर्ने बताए।

यस्तै अभिनेत्री केकी अधिकारीले अहिलेको चुनाव नयाँ र पुरानो सोचबीचको लडाइँ भएको बताइन्। आइतबार प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चयनका लागि काठमाडौं क्षेत्र नम्बर ३ को अत्तरखेलस्थित लिटिल बर्ड स्कुल केन्द्रमा मतदान गरिसकेपछि उनले यस्तो बताएकी हुन्।

'अहिलेको चुनाव नयाँ र पुरानो पुस्ताभन्दा पनि नयाँ र पुरानो सोचबीचको लडाइँ हो,' केकीले भनिन्, 'यो चुनावमार्फत पुरानो सोचको अन्त्य गर्न आवश्यक छ।' मतदान गर्न पाउँदा आफू उत्साहित भएको भन्दै उनले चुनाव नयाँ युगको नयाँ बिहानी भएको उल्लेख गरिन्।



## आस्था राउतले ल्याइन् 'कोशिस गर'

**काठमाडौं/मस-** गायिका आस्था राउतको स्वरमा रहेको गीत 'कोशिस गर' सार्वजनिक भएको छ। गीतमा सावित्री राउतको शब्द, सुरेश अधिकारीको संगीत, महाराज थापाको एरेन्ज तथा किशोर थापाको मिक्सिङ र मास्टरिङ छ। गीतले सकारात्मक चिन्तन र सोचलाई प्राथमिकता दिएको छ। दृष्टिविहिनको गीत गाउने चाहना, आत्महत्या गर्न तयार युवकले दृष्टिविहिनको गीत सुनेपछि आत्महत्या नगर्नु, गलत साथीको संगतमा परेका एक विद्यार्थीलाई सम्झाएपछि उसले खेल जित्नुलगायतका दृश्यलाई मार्मिक ढंगले भिडियोमा देखाइएको छ।

भिडियोमा गायिका एक घुमन्ते फोटोग्राफरका रुपमा प्रस्तुत छिन्। जसले खिचेको भिडियो फुटेज हेरेर दृष्टिविहिन गायिकालाई संगीतकार सुरेश अधिकारीले गीत गाउन स्टुडियो बोलाएका छन्।

गीतले 'जित्यौ भने जितिन्छ, हारे सिकिन्छ' थिम बोकेको छ। 'यो प्रेरणादायी गीत हो। यो गीतको भावमा जसले जे रंग पनि लगाउन सक्छ। त्यो आफ्नो बुझाईमा भर पर्ने हो', आस्थाले भनिन्।

भिडियोमा गायिका आस्था, 'द भ्वाइस अफ नेपाल'की रिता राई, इश्वर लकाई खड्का, सरु दाहाल र खड्ग गन्धर्व फिचर्ड छन्।

गायिका आस्थाकै युट्युब च्यानल आस्था राउतबाट सार्वजनिक भिडियोमा शान थापाको निर्देशन, पवन सुस्लिङको छायांकन, सुप्रिम पराजुलीको सम्पादन, राजीव समरको सहायक निर्देशन र सरिता मगरको मेकअप छ।

## नविन पौडेलको 'पानी पर्‍यो छाता छैन' सार्वजनिक



**काठमाडौं/मस-** गायक नविन कुमार पौडेलको 'पानी पर्‍यो छाता छैन' बोलको गीत सार्वजनिक भएको छ। गीतको अडियो तथा भिडियो डिस्ट्रिब्युसनको जीम्मेवारी पाएको नेपमेला म्युजिक कम्पनीले मंसिर २ गते शुक्रबार उक्त म्युजिक भिडियो सार्वजनिक गरेको हो।

यस गीतमा गायक नविन र गायिका अस्मिता अधिकारीको स्वर सुन्न सकिने छ। यस गीतको शब्द तथा संगीत प्रकाश लामाको रहेको छ। भिडियोमा सरोज राना प्रजा र समारिका ढकालको अभिनय देख्न सकिने छ।

भिडियोको कोरियोग्राफी विकास नेपालीले गरेका छन् भने भिडियोमा सिनेम्याटोग्राफी दिनेश पराजुलीले गरेका छन्। यो गीतको भिडियोलाई निर्देशन भने सुरेन्द्र बसेलले गरेका छन्।

# 'दृश्यम २' हिटको यात्रामा



**काठमाडौं/एजेन्सी-** २०२२ मा एकपछि अर्को आशातित फिल्मले निराशाजनक प्रदर्शन गरेपछि संकटमा परेको बलिउडलाई अभिनेता अजय देवगन र अभिनेत्री तब्बु स्टारर फिल्म 'दृश्यम २'ले ठूलो राहत दिने देखिएको छ। १५ करोड ३८ लाखको सानदार ओपनिङ गरेको फिल्मले दोस्रो दिन व्यापारमा ४० प्रतिशत बढोत्तरी कायम गर्‍यो। दोस्रो दिन आइतबार फिल्मले २१ करोड ५९ लाख कमाई गरेको छ।

दुई दिनमै ३६ करोड ९७ लाख कमाएको फिल्मले पहिलो विकेन्डमा ४५ करोडसम्म व्यापार गर्ने देखिएको छ। 'दृश्यम २'ले अजय अभिनीत सुपरस्टार फिल्म 'तान्हाजी'भन्दा ठूलो ओपनिङ गरेको छ। 'तान्हाजी'ले पहिलो दिन १५ करोड १० लाख कमाएको थियो। बलियो 'वर्ड अफ माउथ' पाएको फिल्मले दोस्रो विकेन्डसम्ममा सय करोडको आँकडा पार गर्न सक्ने सम्भावना देखिएको छ।

क्राइम तथा सस्पेन्स जनरामा निर्माण भएको यो फिल्ममा अजय र तब्बुसँगै श्रिया सरन, अक्षय खन्ना, इशिता दत्ता, मृणाल जाधवको पनि मुख्य भूमिका रहेको छ। फिल्म २ र ३ अक्टोबरकै वरिपरि घुमेको छ। बिल्स, सीडी र स्वामी चिन्मयानन्दको महासत्संगसँग जोडिएको राजमा फिल्म केन्द्रित छ। पहिलो हाफ सुस्त भए पनि दोस्रो हाफ बलियो रहेको समीक्षक तथा दर्शकले बताएका छन्।

यसअघि अजय देवगनको 'मेडे' र 'थ्यांक गड' बक्सअफिसमा असफल भएका थिए। उनको केमियो रहेको 'गंगुबाई काठियावाडी', 'आरआरआर' भने सफल रहे। 'दृश्यम २'ले उनलाई ठूलो राहत दिएको छ। यो फिल्मको अघिल्लो श्रृंखला बक्सअफिसमा सफल भएकाले पनि यसको सिक्वेलको दर्शकमा ठूलो प्रतिक्षा थियो। फिल्मको सस्पेन्स पाटोलाई दर्शकले अत्याधिक मन पराएका छन्।

## गायकद्वय श्रेष्ठ र थापाको 'रातो कार'



**काठमाडौं/मस-** गायकद्वय लीला श्रेष्ठ र नकुल थापाको सहकार्यमा 'रातो कार' बोलको लोक दोहोरी गीत भिडियोसहित सार्वजनिक गरिएको छ।

गीतको भिडियो हालै त्रिपुरा म्युजिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो। त्रिपुरा म्युजिकको प्रस्तुति रहेको गीतमा लीला र नकुलका साथमा गायिकाद्वय स्मृति गौतम तथा सानु धमलाको स्वर रहेको छ। गायक लीलाकै लय र संगीत रहेको गीतलाई पूर्ण गुरुङले एरेन्ज गरेका हुन्।

गीतमाथि बनेको आकर्षक भिडियोमा मोडलहरु लोमस शर्मा र अनु पराजुलीको साथमा सुदीप श्रेष्ठ, सुमन श्रेष्ठ, दीपा तामाङ र रुपा तिमल्सिनाको अभिनय र नृत्य रहेको छ।

गायक तथा सर्जक लीलाको 'सरर बसको झ्यालैमा', 'मलाई माया', 'कमल फूल फुल्यो', 'हातमा घडी' जस्ता गीत चर्चित छन् भने गायक नकुलले यसअघि 'कर्कलाको पानी', 'पीपलु र वर', 'सुनकोसीमा बलेफी दोभान' जस्ता गीत सार्वजनिक गरिसकेका छन्।

मिलन श्रेष्ठले निर्देशन गरेको भिडियो राजाराम सिखडाले कोरियोग्राफ गरेका छन्। भिडियमो सन्तोष तिमल्सिनाको छायांकन र रोशन धितालको सम्पादन रहेको छ।




## भारतीय चर्चित र्‍यापर जेड बी नेपाल आउँदै

**काठमाडौं/मस-** भारतका चर्चित गायक तथा र्‍यापर जेड बी पहिलो पटक सांगीतिक प्रस्तुतिको लागि नेपाल आउने भएका छन्। उनलाई एल एण्ड एन मोडेल एजेन्सीले नेपाल ल्याउन लागेको सो एजेन्सीका प्रवन्ध निर्देशक नितिन कायस्थले मध्यान्हलाई जानकारी दिए। सीईओ कायस्थका अनुसार गत कात्तिक २६ गते शनिबारका दिन ठमेल स्तिथ क्लब फरेन्हाइटमा आगामी डिसेम्बर ९ तारिक (मांसिर २३ गते) शुक्रबारका दिन जेड बीको सांगीतिक प्रस्तुति राखिने सम्बन्धमा दुबै पक्षबीच सहमति भएको हो।

भारतीय चर्चित गायक तथा र्‍यापर जेड बी सांगीतिक प्रस्तुतिका लागि ३ दिने नेपाल भ्रमणमा आउने छन्। त्यस क्रममा उनले आफ्ना नेपाली प्रशंसकहरुलाई भेट्ने, पशुपतिनाथको दर्शन गर्ने र पोखरा फेवातालमा घुम्ने आफ्नो इच्छा व्यक्त गरेका छन्।

जेड बीका दर्जनौं भन्दा बढी हिट र्‍याप गीत संगीत रहेका छन्, जसमध्ये सबैभन्दा बढी टिकटकदेखि संसारभर रुचाइएको गीत 'काटके कलेजा दिखादेंगे, मम्म्मी से तुझको मिलादेंगे' अधिकांश नेपाली युवाहरुको मन जित्न सफल मानिन्छ।

उक्त कार्यक्रमको मूल उद्देश्य नेपाली पर्यटनलाई संरक्षण एवं प्रवर्द्धनसँगै व्यावसायिक प्रवर्द्धनसमेत रहेको प्रबन्ध निर्देशक कायस्थले जानकारी दिए।

उक्त कार्यक्रममा भारतीय मात्र नभई नेपाली र्‍याप गर्दै आइरहेका चर्चित गायक र्‍यापर अयुक्स म्युजिक एण्ड टिमको पहिलो प्रस्तुति रहने र क्लबका विभिन्न इन हाउस डीजेहरुको पनि आकर्षक प्रस्तुति रहने एजेन्सीले जनाएको छ।

# कतार विश्वकपको भव्य उद्घाटन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ४ मंसिर



१२ वर्ष लामो प्रतीक्षापछि मध्यपूर्वको अरब राष्ट्र कतारमा आइतबार साँझ फिफा विश्वकपको उद्घाटन भएको छ । अल बायत रंगशालामा कतारी समय अनुसार ५ बजेर ४० मिनेटमा उद्घाटन समारोह भएको हो ।

उद्घाटन समारोह कतारका अमिर (राजा) सेख तमिम बिन हमाद अलथानीले गरे । समारोहमा चर्चित दक्षिण कोरियन पप गायक जङ कुकको प्रस्तुति रहेको थियो । उनले कतार विश्वकपको अफिसियल गीत ' ड्रिमर्स' गाएका थिए । उनलाई कतारी गायक फहाद अल कुबैसीले पनि साथ दिएका थिए । मानवीयता, सम्मान र समावेशीमार्फत असमानताहरूलाई एकै ठाउँमा जम्मा गरेको थिममा उद्घाटन समारोह भएको थियो । प्रतियोगितामा सहभागी सबै देशको कला र संस्कृतिलाई सम्बोधन हुने गरी प्रस्तुति रहेको थियो ।

प्रतियोगिताका लागि छुट्टाइएको ३१ लाखमध्ये २९ लाख टिकट बिक्री भइसकेको बताइएको छ । प्रतियोगिता ५ अर्बले हेर्ने अनुमान आयोजकको छ । यसअघि रुस विश्वकप ३ अर्ब ५० करोडले हेरेको आयोजकको दाबी थियो । अल बायत रंगशाला कतार विश्वकपका लागि प्रयोग हुने ८ मध्ये दोस्रो ठुलो रंगशाला रहेको छ ।

मध्येपूर्वको मुस्लिम राष्ट्रमा पहिलो पटक आयोजना हुन लागेको विश्वकपमा ३२ राष्ट्रले प्रतिस्पर्धा गर्दैछन् । सहभागी राष्ट्रलाई आठ समूहमा विभाजन गरिएको छ । यस विश्वकपमा कुल ६४ खेल हुनेछ । आठ रंगशालामा आयोजना हुने विश्वकपको फाइनल डिसेम्बर १८ मा हुनेछ । तर, समलिङ्गी सम्बन्ध, मानवअधिकारको रेकर्ड र आप्रवासी कामदारमाथिको व्यवहारका कारण कतार विश्वकपको निकै आलोचना भयो । विश्वकप नजिकिदै जाँदा फिफाले सहभागिता जनाउने राष्ट्रलाई फुटबलमा ध्यान केन्द्रित गर्न आग्रह समेत गरेको थियो । यद्यपि युरोपेली राष्ट्रका ९ कप्तानले विश्वकपमा 'वन लभ' आर्मब्यान्ड लगाउनेछन् ।

**विश्वकपमा पहिलोपल्ट तीन महिला**

महिला रेफ्रीले पहिलोपल्ट विश्वकपका खेल खेलाउने भएका छन् । यस अर्थमा महिला रेफ्रीले विश्वकपको नयाँ इतिहास बनाृनेछन् । फ्रान्सकी स्टेफेनी फ्रापार्ट, रुवान्डाकी सलिमा मुकानसन्गा र जापानकी योसिमी यामाशिता इतिहास रच्ने संघारमा रहेका तीन महिला रेफ्री हुन् ।

फिफाले अहिलेसम्म ३६ रेफ्रीको सूची जारी गरेको छ । त्यसमा तीन महिला छन् । साथै तीन महिला सहायक रेफ्री पनि छन् । ब्राजिलकी नुजा ब्याक, मेक्सिकोकी करेन डियाज मेडिना र अमेरिकाकी क्याथरन नेस्बिट सहायक महिला रेफ्री हुन् । ३८ वर्षीय फ्रापार्टलाई युरोपेली फुटबलकी उदीयमान रेफ्री मानिएको छ । उनले २०१९ यता फ्रान्सको लिग वान खेलाइरहेका छन् ।

सोही वर्ष उनले महिला विश्वकप पनि खेलाइन् । २०१९ मा लिभरपुल र चेल्सीबीचको यूईएफए सुपर लिग पनि फ्रापार्टले खेलाएकी थिइन् । ३६ वर्षीय यामाशितालाई पनि एसियाली फुटबलको उदीयमान रेफ्रीको रुपमा हेरिएको छ । उनले जापानमा पुरुष फुटबल खेलाइसकेकी छिन् । ३४ वर्षीया मुकानसन्गाले यसै वर्षको जनवरीमा पुरुषको अफ्रिकी कप अफ नेसन्स खेलाएकी थिइन् ।

निःशुल्क खेल हेर्न कर्नेशमास्थित नेशनल म्युजियम अगाडि रहेको पार्क, कर्नेशको मेट्रो स्टेसन बाट निस्कने बित्तिकै देखिने फक्स स्पोर्ट्स स्टुडियो, पर्ल कतारमा पोर्टो अरेबियाको ३० ला क्रोइसेट एम्फीथिएटर, अल बिद्दा पार्क कर्नेश (हाया कार्ड होल्डर मात्र), इन्डस्ट्रियल एरिया फ्यान जोन, न्यु इन्डस्ट्रियल एरिया फ्यान जोन, अल खोर फ्यान जोनमा गएर सबै खेलहरू प्रत्यक्ष हेर्न सकिने छ ।

# नामिबियामा हुने सिरिजका लागि नेपाली टिम घोषणा




**काठमाडौं/मस-** आईसीसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गतको नामिबिया हुने त्रिदेशीय सिरिजका लागि नेपालले टिम घोषणा गरेको छ । नेपाल क्रिकेट संघ (क्यान) ले आइतबार रोहित पौडेलको कप्तानी टिम घोषणा गरेको हो ।

तीव्र गतिका बलर नन्दन यादव पहिलो पटक नेपाली राष्ट्रिय टोलीमा परेका छन् । बागमतीबाट घरेलु क्रिकेट खेल्ने नन्दन तीव्र गतिसँगै तल्लोक्रममा हिटिङका लागि चिनिन्छन् । नन्दनले लगातार घरेलु क्रिकेटमा सानदार प्रदर्शन गरेपनि नेपाली टोलीमा स्थान बनाउन सकेका थिएनन् । नन्दन बन्द प्रशिक्षणबाटै बाहिरिदै आएका थिए । नामिबिया भ्रमणको लागि नेपालले नन्दनसँगै गुलशन झा, सोमपाल कामी र करण केसीलाई तीव्र गतिका बलरमा राखेको छ । युएईसँगको तीन ओडिआई खेलको सिरिजमा रहेका कमलसिंह ऐरी भने टोलीमा छैनन् । त्यस्तै अलराउन्डर आदिल आलम भने टोलीमै छैनन् । आदिल विष्फोटक ब्याटिङ अलराउन्डर थिए ।

नेपाल, नामिबिया र स्कटल्यान्डबीच प्रतिस्पर्धा हुनेछ । नेपालले अव विश्वकप लिग-२ मा १६ खेल खेल्न बाँकी छ । जसमा ८ घरेलु मैदान र ८ खेल विदेशी भूमिमा खेल्नेछ । शीर्ष पाँचमा रहन नेपालले कम्तिमा १० खेल जित्नु पर्ने हुन्छ । नेपालले नामिबियासँग डिसेम्बर २ मा पहिलो खेल खेल्नेछ । नेपालले डिसेम्बर ४ मा स्कटल्यान्डसँग खेल्नेछ । डिसेम्बर ७ मा नामिबिया र डिसेम्बर ८ मा स्कटल्यान्डसँग खेल्नेछ । नेपाल २० खेलमा ८ मा जित र ११ मा हारका साथ छैटौं स्थानमा छ । नेपाल ७ देश सम्मिलित विश्वकप लिग २ मा शीर्ष तीनमा पर्न सके आगमी वर्ष सिधैं विश्वकप ग्लोबल छनोट खेल्न पाउनेछ । अन्यथा क्वालिफायर खेल्नुपर्ने हुन्छ । सोझै ओडिआई मान्यता जोगाउन शीर्ष पाँचमा पर्नुपर्ने हुन्छ ।

नेपालको टोलीमा रोहित पौडेल, आसिफ शेख, दीपेन्द्र सिंह ऐरी, कुशल भुर्तेल, ललित राजवंशी, सोमपाल कामी, सागर ढकाल, अर्जुन साउद, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, गुलशन झा, करण केसी, हरिशंकर साह र नन्दन यादव रहेका छन् ।

# हरमीत र कालिभनले लुम्बिनीबाट खेल्ने




**काठमाडौं/मस-** भारतका यू १९ विश्वकप विजेता बलर अलराउन्डर हरमीत सिंह र दक्षिण अफ्रिका अलराउन्डर बलर कालिभन स्याभेजले नेपाल टी-२० लिग खेल्ने भएका छन् । नेपाल टी-२० लिग खेल्नका लागि यी दुबै खेलाडी लुम्बिनी अल स्टार्समा अनुबन्ध भएका हुन् ।

३० वर्षीय हरमीतलाई सन् २०१२ को यू १९ विश्वकप विजेता तथा इन्डियन प्रिमियर लिग आइपिएल खेलेको अनुभव छ । उनले सन् २०१३ को आइपिएलमा राजस्थान रोयल्सबाट खेलेका थिए ।

भारतीय बी टोली, मुम्बई र त्रिपुराबाट घरेलु क्रिकेट खेली सकेका हरमीतसिंह पछिल्लो समय भने अमेरिकाबाट खेल्दै आएका छन् ।

बायाँ हाते हरमीत स्पिनसँगै तल्लोक्रममा ब्याटिङ गर्ने गर्दछन् । लुम्बिनीले उनलाई श्रीलंकन खेलाडी नुवान थुसराको स्थानमा लिएको हो । हरमीतले ३१ प्रथम श्रेणी, १९ लिष्ट ए र ७ टी-२० क्रिकेट खेलेका छन् ।

हरमितले २०२२ को माइनर लिग क्रिकेट च्याम्पियनसिप पनि जितेका थिए । उनी आफ्नो फ्रेन्चाइजी टोलीको कप्तान थिए । यस्तै दक्षिण अफ्रिका अलराउन्डर बलर स्याभेजलाई लुम्बिनीले अष्ट्रेलिया स्टार अलराउन्डर बेन कटिङको स्थानमा अनुबन्ध गरेको हो ।

तीव्र गतिको बलिङसँगै उनी तल्लोक्रममा राम्रो ब्याटिङ गर्ने कालिभनले ६९ प्रथम श्रेणी, ५२ लिष्ट ए र १९ टि २० क्रिकेट खेलेका छन् । दक्षिण अफ्रिका यू १९ टोलीबाट २०१२ को विश्वकप खेलेका थिए ।

प्रथम श्रेणीमा १ सय ७९ विकेट लिनुको साथै २ हजार ३ सय ४३ रन बनाएका छन् । लिष्ट ए मा ६४ विकेट लिँदा १ हजार १ सय १४ रन बनाएका छन् । नेपाल क्रिकेट संघको आयोजनामा नेपाल टि२० लिग डिसेम्बर १२ देखि ३१ तारिखसम्म काठमाडौंमा हुदैंछ ।

# मेस्सी र रोनाल्डो चेस खेलको तस्वीरले तात्यो फुटबल जगत



**काठमाडौं/एजेन्सी-** क्रिष्टियानो रोनाल्डो र लियोनल मेस्सी पहिलो पटक एकै विज्ञापनमा देखिएका छन् । दुबै स्टार खेलाडी लुइस वुइटनको 'लक्जरी' कपडाको विज्ञापनमा देखिएका हुन् । रोनाल्डो र मेस्सीले सामाजिक सञ्जाल इन्स्टाग्राममा चेस खेल्दै विज्ञापन गरेका छन् ।

सदावहार को उत्कृष्ट ? भनेर मेस्सी र रोनाल्डोबीच चर्चा हुने गर्दछ । विज्ञापनमा भने पहिलो पटक दुबै खेलाडी चेकदार सुटकेसमा चेस खेलिरहेका छन् । यो खेल कस्ले जित्यो त्यो भने लेखिएको छैन । मेस्सीले लेखेका छन्, 'विजय मनको आस्था हो ।'

दुबै खेलाडी हाल कतार विश्वकपका लागि दोहामा छन् । विश्वफुटबलको स्टार खेलाडी द्वयको लागि यो नै अन्तिम विश्वकप हुने मानिएको छ । मेस्सीले बालोन डि ओर सात पटक र रोनाल्डोले पाँच पटक बालोन डि ओरको अवार्ड प्राप्त गरेका छन् ।

सांकेतिक रुपमा रोनाल्डो र मेस्सीले लुइ भुटोको ब्रिफेसमाथि चेस खेलेको तस्वीर विश्वकप उपाधिका लागि दुईको भिडन्त हुनसक्ने पक्षलाई लिएर पनि हेर्न सकिन्छ । यदि पोर्चुगल र अर्जेन्टिना समूह विजेता बन्दै अघि बढेको अवस्थामा यी दुई फाइनलमा आमने सामने हुन सक्छन् ।

अर्जेन्टिना विश्वकपको समूह सी मा साउदी अरब, मेक्सिको र पोल्यान्डसँग रहेको छ । यता पोर्चुगल ग्रुप अफ डेथ मानिएको उरुग्वे, दक्षिण कोरिया र घानासँग समूह एच मा छ ।

# इंग्ल्यान्डविरुद्ध अष्ट्रेलियालाई सिरिज




**काठमाडौं/एजेन्सी-** इंल्यान्डमाथि ७२ रनको सहज जित निकाल्दै अस्ट्रेलियाले शनिबार एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलाको उपाधि जितेको छ । सिड्नी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा मिचल स्टार्क र एडम जाम्पाले समान चार विकेट लिएपछि अस्ट्रेलियाले एक खेल अघि नै शृंखला हात पारेको हो । बिहीबार पहिलो खेल अस्ट्रेलियाले ६ विकेटले जितेको थियो । अन्तिम खेल मंगलबार मेलबर्नमा हुनेछ ।

टस जितेर ब्याटिङ रोजेको अस्ट्रेलियाले ३५.५ ओभरमा आठ विकेटको क्षतिमा दुई सय ८रन बनाएको थियो । इंग्ल्यान्डका विकेटकिपर-ब्याटर साम बिलिङ्सले ८० बलमा तीन चौका र दुई छक्कासहित सर्वाधिक ७१ रनको इनिङ खेले । यसैगरी जेम्स भिन्स ७२ बलमा तीन चौका र दुई छक्कासहित ६० रन बनाएर पेवेलियन फर्किँदा अन्य ब्याटरको प्रदर्शन उल्लेख्य रहेन ।

त्यसअघि अस्ट्रेलियाका लागि ११४ बल सामना गरेका स्मिथले पाँच चौका र एक छक्कासहित ९४ रन बनाएका थिए ।

आदिल राशिदको ४४औं ओभरको चौथो बलमा फिल साल्टको हातबाट क्याच हुँदा स्मिथ ६ रनले शतक बनाउनबाट चुके । यस्तै, मर्नुस लाबुस्चेनले ५५ बलमा चार चौका र एक छक्कासहित ५८ रनको अर्धशतकीय इनिङ खेलेका थिए ।

अस्ट्रेलियाका लागि ५९ बल सामना गरेका मिचेल मार्स दुई चौका र दुई छक्कासहित अर्धशतक बनाएर पवेलियन फर्केका थिए । त्यसबाहेक अन्य ब्याटरको प्रदर्शन उल्लेख्य रहेन ।

इंग्ल्यान्डका लागि राशिदले सर्वाधिक तीन तथा क्रिस वोक्स र डेविड विलीले दुईरदुई विकेट लिए । मोइन अलीले पनि एक विकेटमा नाम लेखाए ।

# बेन्जेमाले विश्वकप गुमाउने




**काठमाडौं/एजेन्सी-** फ्रान्सले फरवार्ड करिम बेन्जेमाको स्थानमा अर्को खेलाडी टिममा नराख्ने भएको छ । फ्रान्सका मुख्य प्रशिक्षक डिडियर डेस्च्याम्पले बेन्जेमाको स्थानमा अर्को खेलाडी टिममा नराखिने बताएका छन् ।

फ्रेन्च टेलिभिजन टेलिफुटसँग कुरा गर्दै डेस्च्याम्पले अर्को खेलाडी नराखिने बताएका छन् । थाइ इन्जुरीको कारण बेन्जेमाले विश्वकप गुमाउने छन् । बेन्जेमाले प्रशिक्षणको दौरान चोट बोकेका थिए ।

एमआरआई स्क्यानले तिघ्राको मांसपेशीमा चोट लागेको पुष्टि गरेको छ । यो पूर्ण रुपमा ठीक हुन कम्तीा तीन साता लाग्नेछ ।

फ्रान्सका लागि ९७ खेलमा ३७ गोल गरेका ३४ वर्षीय बेन्जेमाको चोट विश्वकपका लागि अर्को झट्का हो ।

२०२२ को बालोन डी'ओर विजेता बेन्जेमाले रियललाई ला लिगा र च्याम्पियन्स लिग जितेका थिए । यस अघि फ्रान्सकै फरवार्ड क्रिस्टोफोर एनकुनकु पनि चोटका कारण विश्वकपबाट बाहिरिएका थिए । चोटकै कारण मिडफिल्डर पउल पोग्बा र एङ्गोलो कान्टे पनि टोलीमा छैनन् । डिफेन्डर राफायल भरान पूनरागमनको प्रयासमा छन् । फ्रान्स फुटबल फेडेरेसन (एफएफएफ) ले उनलाई तिघ्रामा समस्या भएको र प्रतियोगितामा सहभागी हुन नसक्ने बताएको छ ।

फ्रान्स विश्वकपमा समूह 'डी'मा रहेको छ । फ्रान्सले अष्ट्रेलियासँग खेल्दै विश्वकपको शुरुवात गर्नेछ ।

# भारतले न्युजिल्याण्डलाई हरायो



**काठमाडौं/एजेन्सी-** पाहुना टोली भारतले दोस्रो टी-ट्वान्टी अन्तर्राष्ट्रियमा घरेलु टोली न्युजिल्याण्डलाई पराजित गरेको छ । माउन्ट माउन्गानुइमा आइतबार भएको खेलमा भारतले न्युजिल्याण्डलाई ६५ रनले हराएको हो ।

यस जितसँगै भारतले तीन खेलको टी-ट्वान्टी सिरिजमा १-० को अग्रता बनाएको छ । दुई टोलीबीचको पहिलो टी-ट्वान्टी वर्षाको कारण रद्द भएको थियो । भारतले दिएको १ सय ९२ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको न्युजिल्याण्डले १८ ओभर ५ बलमा अलआउट हुँदै १ सय २६ रन मात्र बनाउन सक्यो ।

न्युजिल्यान्डका लागि कप्तान केन विलियम्सनले ६१ रनको अर्धशतकीय इनिङ खेले । डेभोन कोन्वेले २५, ग्लेन फिलिप्सले १२ तथा ड्र्याल मिचेलले १० रन जोडे । भारतका दीपक होडाले ४ विकेट लिए । मोहमद सिराज र युजभेन्द्र चाहलले २/२ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा ६ विकेट गुमाएर १ सय ९१ रन बनाएको थियो । भारतका लागि सूर्यकुमार यादवले अविजित रहदै १ सय ११ रनको शतकीय इनिङ खेले । उनको यो टी-ट्वान्टी अन्तराष्ट्रियमा दोस्रो शतक हो ।

यस्तै इशान किशनले ३६ रन जोडे । कप्तान हार्दिक पाण्डय र श्रेयस एयरले समान १३/१३ रन बनाए । न्युजिल्याण्डका टिम साउथीले ३ तथा लक्की फर्गुसनले २ विकेट लिए ।

# एमडीएमएस प्रणाली प्रभावकारी हुन सकेन

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।



सरकारले अवैध फोन नियन्त्रण गर्न नेपाल दुरसञ्चार प्राधिकरणमार्फत लागु गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन् । गत असोज १ गतेदेखि उक्त सिस्टम लागु गरिएपनि पूर्ण रुपमा कार्यान्वन हुन नसकेको हो । अहिलेसम्म असोज १ गतेदेखि विदेशबाट ल्याइएका ९ हजार बढी मोबाइल फोन दर्ताका लागि प्राधिकरणमा निवेदन परेको छ । अनलाइन तथा व्यक्ति स्वयम् प्राधिकरणमा उपस्थित भएर विदेश तथा भारतीय नाकाबाट ल्याइएका ९ हजार ३४२ वटा मोबाइल फोन दर्ताका लागि निवेदन परेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणमा परेका निवेदन मध्ये ४ हजार २७९ मोबाइल फोनको दर्ता रद्द गरिएको छ । प्राधिकरणमा परेका निवेदनहरुमा कागजपत्र पुरा नहुँदा कतिपयको दर्ता रद्ध भएको छ । विदेशबाट खरिद गरेको ल्याइएको बिल, पासपोर्ट लगायतका कागजपत्र बुझाउनुपर्ने हुन्छ । प्राधिकरणको तथ्यांक अनुसार असोज १ गतेदेखि कात्तिक हालसम्म साढे ३ हजार बढी मोबाइल फोन उक्त सिस्टममा दर्ता भएका छन् ।

२०७३ साल बैशाखबाट प्राधिकरणले इन्टरनेसनल मोबाइल इक्विपमेन्ट आइडेन्टिफायर (आईएमइआई) नम्बर 'युनिक कोड' दर्ता गर्न शुरु गरेको थियो । प्राधिकरणले पहिलो चरणमा आईएमइआई नम्बर दर्ता र दोस्रो चरणमा मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) जडान शुरु गरेको हो । ६ महिनाका लागि समय तोकिएर एमडीएमएस सिस्टम जडानका लागि छनोट गरिएको कम्पनीले समयमा नै काम नसक्दा नेपालमा अवैध मोबाइल फोनको व्यापार मौलाएको व्यवसायीले बताउँदै आएका छन् ।

## रवि सिंह ईफाप्काको अध्यक्षमा चयन



**काठमाडौं / मस** - नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह एसियाली तथा पश्चिम प्रशान्त क्षेत्रका निर्माण संगठनहरूको छाता संगठन (ईफाप्का) को अध्यक्षमा चयन भएका छन् । माल्दिभ्सको राजधानीमा मालेमा शुक्रवार सम्पन्न ईफाप्काको ४५ औं सम्मेलनले अध्यक्षमा सिंहलाई चयन गरेको हो ।

ईफाप्काको महासचिवमा महासंघका सल्लाहकार इन्जिनियर विरेन्द्रराज पाण्डे र बोर्ड सदस्यमा महासंघका केन्द्रीय सदस्य सुशीलकुमार श्रेष्ठ भएका छन् । वर्णानुक्रम अनुसार (ईफाप्का) का सदस्य राष्ट्रहरूले संगठनको नेतृत्व गर्ने प्रचलन अनुसार माल्दिभ्सपछि नेपालको पालो आएको हो । यसअघि सन् १९९८ मा नेपालका गणेशलाल श्रेष्ठ ईफाप्का अध्यक्ष चयन भएका थिए । मालेमा आयोजित कार्यक्रममा ईफाप्काका निवर्तमान अध्यक्ष माल्दिभ्सका मोहमद अलि जनाले ईफाप्काको नयाँ अध्यक्षको रुपमा सिंहलाई कार्यभार हस्तान्तरण गरे ।

अध्यक्ष सिंहसहित नयाँ कार्य समितिका सबै बोर्ड पदाधिकारी र सदस्यहरूले सोही पद तथा गोपनीयताको शपथ लिएका छन् । नयाँ कार्य समितिको कार्यकाल दुई वर्षको हुनेछ । शपथपछिको कार्यक्रमलाई सम्बोधन गर्दै सिंहले ईफाप्कालाई सशक्त संगठनको रुपमा अघि बढाउने प्रतिबद्धता बताए ।

## लाभांश पारित गर्न सानिमा बैंकले बोलायो साधारणसभा

**काठमाडौं / मस** – गत वर्षको नाफाबाट शेयरधनीलाई दिने भनिएको लाभांश पारित गर्न सानिमा बैंकले साधारण सभा बोलाएको छ । बैंकले पुस ३ गतेको लागि साधारण सभा बोलाएको हो ।

२०७८ / ७९ को नाफाबाट शेयरधनीहरुलाई १०.९८ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकले हाल कायम चुक्ता पूँजीको १० प्रतिशत अर्थात् १ अर्ब १३ करोड २७ लाख रुपैयाँ बराबरको बोसन शेयर र ०.९८ प्रतिशत अर्थात् ११ करोड १० लाख ८ हजार रुपैयाँ बराबरको नगद लाभांश गरी वितरण गर्ने प्रस्ताव गरेको हो । हाल बैंकको चुक्ता पूँजी ११ अर्ब ३२ करोड रुपैयाँ रहेको छ ।

## आर्थिक विकासको एजेण्डालाई अघि सार्ने नेतृत्व आवश्यक: चन्द्र ढकाल



**काठमाडौं / मस** - नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको आर्थिक विकासको एजेण्डालाई अघि सार्ने किसिमको नेतृत्व चयन गर्न आग्रह गरेका छन् । वरिष्ठ उपाध्यक्ष ढकालले आईतबार बिहान काठमाडौंको विशालनगरमा रहेको मतदान केन्द्रमा पुगेर मतदान गरेका थिए । मतदानपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले नेपालको आर्थिक विकासको एजेण्डालाई अघि सार्ने किसिमको नेतृत्व चुन्नुपर्ने बताए ।

उनले निर्वाचन देशको भविष्य निर्माणको पहिलो भएकाले उम्मेदवार चयनमा नचुक्न आग्रह गरे । ढकालसँगै अन्य उद्योगी व्यवसायहरुले उत्साहजनक रुपमा आ-आफ्नो मतदान केन्द्र पुगेर भोट खसालेका छन् । आईतवार बिहान ७ बजेबाट देशभर एकैचरणमा प्रतिनिधिसभा र प्रदेशसभाका लागि निर्वाचन भइरहेको छ ।

भोट हालिसकेपछि ढकालले भने, 'निर्वाचन देशको भविष्य निर्माणको पहिलो स्टेप हो ।


हरिनगर गाउँपालिकाको अनुरोध

जनहितमा जारी सन्देश

गाउँपालिकालाई बुझाउनुपर्ने कर समयमै बुझाई आफ्नो दायित्व पूरा गरौं ।

अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं तथा समयमै नवीकरण गरौं ।

फोहोरमैलालाई जथाभावी नफालौं, सभ्य, सफा र सुन्दर सहर बनाउन मद्दत गरौं ।



नयाँ घर निर्माण, बाटो, घडेरी प्लटिङ गर्दा अनिवार्य रूपमा इजाजत लिऔं ।

गाउँका अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागू भइसकेकाले सेवा लिई लाभान्वित बनौं ।

गाउँपालिकालाई बुझाउनुपर्ने कर समयमै बुझाइ आफ्नो दायित्व पूरा गरौं ।

विद्यालय जाने उमेर भएका सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय पठाउने वातावरण बनाऔं । स्वास्थ्य मापदण्डको पालना गरौं ।

व्यक्तिगत घटना(जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईसराइ) ३५ दिनभित्र अनिवार्य दर्ता गरौं, गराऔं । जरिवानाबाट बचौं ।

हरिनगर गाउँपालिकाको कार्यालय
हरिनगर, सुनसरी



के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।



हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



इटहरी उप-महानगरपालिका कार्यालय
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, नेपाल

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*



चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ईलाम, प्रदेश नं.१, नेपाल




सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।






आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।




दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।





पूरै शरिर ढाक्ने लुगा लगाउने ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**